# सामाजिक शिक्षा
# पञ्चायत

## कक्षा ८


श्री ५ को ार
शिक्षा ालय
जनक शिक्षा साम केन्द्र

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्रमा सुरक्षित

पहिलो संस्करण २०२८
संशोधित दोश्रो संस्करण २०२९
तेश्रो संस्करण २०३०

मूल्य रु १।६

ी ५ को सरकार, जनक शिक्षा सामग्री केन्द्र एजुकेशन प्रेसमा मुद्रित



"राष्ट्रिय प्रतिभालाई फुलाउने, फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु।"

श्री ५ वीरेन्द्र



## स्वर्गीय
## श्री ५ महेन्द्रको सन्देश

आफ्नो परम्परा अनुसार शिक्षालाई आजको बदलिंदो युग सुहाउने बनाउन र देश तथा नेपाली समाजको विकासको आवश्यकतालाई परिपूर्ति गर्न श्री ५ को सरकारले नयाँ राष्ट्रिय शिक्षा पद्धति तयार गरी यसै २०२८ सालको शैक्षिक सत्रदेखि क्रमशः अधिराज्यभर लागू गर्दै लैजाने कुरा सबैलाई थाह नै छ । यसै नयाँ शिक्षा योजना अन्तरगत तयार गरी पाठ्यक्रम अनुरूप लेखिएका पुस्तकहरू मध्ये यो पनि एउटा हो ।

आजको विज्ञान र प्राविधिक ज्ञानको क्षेत्रमा भएको अभूतपूर्व उन्नतिले गर्दा विश्वका विकसित मुलुकहरूका मानिसहरूको जीवनस्तर धेरै माथि पुगिसकेको छ। त्यसैले हाम्रो मुलुकमा पनि सैद्धान्तिक र व्याबहारिक शिक्षाको, खास गरेर व्यावसायिक शिक्षाको प्रचार व्यापक रूपमा गर्न नितान्त आवश्यक भएको छ । यसर्थ हाम्रो देशका सबै बालबालिकाहरू जीवनोपयोगी शिक्षा हासिल गरी आफ्नै खुट्टामा उभिन सक्ने होऊन्, अनुशासित बनी दल विहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्था अनुरूप देशको सार्वभौमिकतालाई अक्षुण्ण राखी देश विकासको काममा प्रभावकारी योगदान दिन समर्थ होऊन् भन्ने उद्देश्यले यो पुस्तक र यस्तै तरीकाले लेखिएका अरू पुस्तकहरू पनि क्रमशः मुलुकमा सबै बालक बालिकाहरूलाई उपलब्ध गराईंदैछन् । यसबाट मुलुकका सबै बालबालिकाहरूले फाइदा उठाई आफूलाई चरित्रवान्, गुणी र स्वावलम्बी नागरिक बनाउन सकून् । यही मेरो हार्दिक कामना छ ।

# प्राक्कथन

परिवर्तन विकासको सोपना हो । देशको आर्थिक विकास गरी जनताहरूको सामाजिक जीवनस्तर माथि उठाउने श्री ५ महाराजाधिराज सरकारको सदिच्छानुसार देशमा चलेको र भविष्यमा चल्ने विभिन्न विकास कार्यहरूमा आवश्यक पर्ने देशभक्त, वफादार र अनुशासित जनशक्ति उत्पादन गर्ने उद्देश्यले शिक्षामा परिवर्तन गर्न आवश्यक परेको थियो।

उपर्युक्त राष्ट्रिय आवश्यकता र आकाङ्क्षा पूर्तिको लागि श्री ५ को सरकारले २०२८ सालदेखि राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गरेको छ। यो नयाँ राष्ट्रिय शिक्षा पद्धतिको योजनाले राष्ट्र र राष्ट्रियताप्रति आस्था जगाई राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकुट र स्वतन्त्रताको रक्षा गर्ने, पञ्चायती व्यवस्था अनुकूल आफ्नो अधिकार र कर्तव्यप्रति सजग र सक्रिय रहने नागरिक तयार गर्ने, आवश्यक प्राविधिक दक्षता विकास गर्ने, विद्यार्थीलाई नैतिक, परिश्रमी र स्वावलम्बी तुल्याउने, उनीहरूको सिर्जनात्मक प्रवृत्तिको विकास गरिदिने र राष्ट्रभाषा, संस्कृति, साहित्य आदिको संरक्षण र संबर्द्धन गर्ने उद्देश्य लिएको छ ।

यी लक्ष्य अनुरूपका विद्यार्थीहरू तयार गर्नकालागि विद्यार्थीहरूको क्षमता र स्तर अनुकूलका उपयुक्त पाठ्य–पुस्तकहरूको नितान्त आवश्यकता पर्दछ । पाठ्य–क्रमको सफलता पाठ्य–पुस्तकमा नै आधारित हुने भएकोले पाठ्य-पुस्तकलाई सकभर अपेक्षित ढङ्गका बनाउन खोजिएको छ ।

श्री ५ को सरकारको शिक्षा नीति अनुकूल र वैज्ञानिक ढङ्गबाट प्राथमिक कक्षाका बालकहरूका लागि पाठ्य–पुस्तकहरू तयार गर्ने अभिप्रायले स्थापना भएको जनक शिक्षा सामग्री केन्द्रबाट हाल श्री ५ को सरकारको राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ अनुसार माध्यमिक तहसम्मका पाठ्य-पुस्तकहरू तयार गराइने व्यवस्था भएको छ । प्रमुख विषयका सबै पाठ्य–पुस्तकहरू लेखाउने र छपाउने, यी पाठ्य–पुस्तक तथा अन्य शिक्षण सामग्रीहरू नेपाल अधिराज्यका सम्पूर्ण शिक्षण संस्थाहरूमा बिक्री वितरण गर्ने गराउने र पाठ्य–पुस्तकहरूका उन्नतिका लागि अनुसन्धान कार्यलाई प्रोत्साहन गर्दै लैजाने यस केन्द्रका मुख्य उद्देश्यहरू हुन् । यिनै उद्देश्यानुरुप यो पुस्तक लेख्ने काम भएको हो ।

यो पुस्तक हे. मा. श्री ईश्वरराज अर्यालले लेख्नु भएको हो ।

यस पुस्तकलाई अझ बढी प्रभावकारी बनाउँदै लैजाने काममा शिक्षाविदहरूको सल्लाह र सुझाउको हार्दिक स्वागत यस केन्द्र गर्दछ ।

श्री ५ को सरकार
शिक्षा मन्त्रालय
जनक शिक्षा सामग्री केन्द्र

# विषय सूची


| | | |
|---|---|---|
| १. | ऐतिहासिक परिचय | १ |
| २. | पञ्चायतका विभिन्न तह | ४ |
| | (क) गाउँ पञ्चायत | ४ |
| | (ख) नगर पञ्चायत | ७ |
| | (ग) जिल्ला पञ्चायत | ११ |
| | (घ) अञ्चल सभा | १४ |
| | (ङ) अञ्चल समिति | १५ |
| | (च) राष्ट्रिय पञ्चायत | १६ |
| ३. | राष्ट्रियताका प्रतीक | २२ |
| | (क) राष्ट्रनिर्माता श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाह | २२ |
| | (ख) राष्ट्रपिता श्री ५ त्रिभुवन | २३ |
| | (ग) राष्ट्रनायक श्री ५ महेन्द्र | २३ |
| ४. | मन्त्री–परिषद् | २५ |
| ५. | श्री ५ को सरकारका मन्त्रालयहरू | २७ |
| ६. | स्थानीय प्रशासनिक अङ्गहरू | ३१ |
| | (क) अञ्चलाधीश र अञ्चल प्रशासन | ३१ |
| | (ख) प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रशासन | ३१ |
| ७. | वर्गीय तथा व्यावसायिक सङ्गठन | ३३ |
| | (क) नेपाल युवक सङ्गठन | ३३ |
| | (ख) नेपाल महिला सङ्गठन | ३३ |
| | (ग) नेपाल किसान सङ्गठन | ३३ |
| | (घ) नेपाल मजदूर सङ्गठन | ३३ |
| | (ङ) नेपाल भूतपूर्वसैनिक सङ्गठन | ३४ |
| | (च) वर्गीय तथा व्यावसायिक सङ्गठनको गठन | ३४ |
| | (छ) केन्द्रीय सभाको काम र जिम्मेवारी | ३४ |
| ८. | "गाउँ फर्क" राष्ट्रिय अभियान | ३६ |

२०१७ पौष २२ गते पंचा[illegible] व्यवस्था शुरु भयो महेन्द्रले

# पञ्चायत

## ऐतिहासिक परिचय

जुनसुकै मुलुकमा पनि देशभित्र सुव्यवस्था राख्नकोलागि सरकारको आवश्यकता हुन्छ । सरकारको काम मुलुकमा शान्ति सुरक्षा कायम राख्नू र जनतालाई सुख–संबृद्धिमा राख्नु हो । यसो गर्न जुनसुकै सरकारले पनि आफ्नो देशभित्र परिआएको काम गर्दछ र अरू बाहिरका मुलुक-हरूसँग आवष्यकतानुसार जस्तो सम्बन्ध राख्नु पर्दछ, सो राख्दछ ।

यसको लागि विभिन्न मुलुकमा आफ्नो देश, काल, परिस्थिति, हावापानी र माटो सुहाउँदो किसिमको सरकार बनेको हुन्छ । कथा, पुराण, इतिहासबाट थाहा हुन्छ कि पहिलेपहिले राज्यको सर्वोपरि राजानै हुन्थे र राजाले आफ्नो देशमा दुनियाँलाई सुख दिई शान्तिसँग राज्य चलाउन आफ्नो देशका जान्ने–सुन्ने, अनुभवी र पढे–लेखेका मानिसहरूको सल्लाह लिई काम गर्दथे ।

हाम्रो देशमा पहिलेदेखि नै यस्तै चलन थियो । तर २००७ सालभन्दा अगाडि लगभग १०४ वर्षसम्म यस देशको सारा अधिकार राजाको हातबाट राणाहरूले लिए । यसो गर्ने पहिला राणा शासक जङ्गबहादुर थिए । राणाहरूको यो शासन एक शताब्दीसम्म नेपालमा चलेको थियो । यो राणा शासन एकतन्त्री र जहानिया शासन थियो । अर्थात यो प्रथा दाजुको शेष पछि रोलैसँग भाइ श्री ३ महाराज बन्दथे र उनी आफ्नो इच्छापूर्वक राज्यको शासन चलाउँदथे । यस निमित्त यिनीहरूले आफ्नो देशका सर्वोपरि राजासमेतको वास्ता गर्दैनथे । जनताको राय लिने त कुरै थिएन । यिनीहरू आफ्नो मन माफिकको काम गर्दथे । यिनीहरूलाई रोक्न सक्ने कोही थिएनन् ।

त्यसबेला देशमा केही विकास भएन । दुनियाँको भलाइको निमित्त यिनीहरूले राम्रो काम गरेनन् । वरपरका सबै देशहरूमा भने उन्नति हुँदै गयो र त्यहाँका शासकहरूले पनि आफ्नो आफ्नो देशलाई विकसित तुल्याउँदै लगे । तर हाम्रो देशमा भने ज्यादै कम उन्नति भयो । दुनियाँ झन् झन् गरीब र दुःखी हुँदै गए । यसै कारण क्रान्तिकारी अगुवा राजा श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवबाट २००७ सालमा जनताको सहयोग लिई राणाहरूको हातबाट शासन खोसेर प्रजातन्त्र राज्यको स्थापना गरिबक्स्यो । यस प्रकार २००७ सालदेखि २०१६ सालसम्म नेपालमा अन्तरीम सरकार स्थापना भयो । त्यस अवधिभित्र देशमा अनेक किसिमका सरकार बने तापनि जतनाको राम्रो हित हुने कुरा नभएकोले श्री ५ महेन्द्रबाट दुनियाँ-हरूको पीर मर्का बुझी दुनियाँलाई सुख दिई शासन चलाउनकोलागि आमचुनाव गराई जनताबाट चुनिई आएका नेपाली कांङ्ग्रेसका नेताहरूको सरकार गठन गरी देशको शासनभार सुम्पिबक्स्यो । यस सरकारले देशको चौतर्फी विकास गर्नेछ भन्ने सबैले आशा गरेका थिए । तर यस सरकारले दलगत स्वार्थतिर लागी देशको हित हुने काम गरेन । यसै कारण देश र जनताको हितको लागि श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट २०१७ साल पौष महीनामा कांङ्ग्रेसको

सरकार विघटन गरी २०१७ साल पौष २२ गतेदेखि आफ्नो देशको हावापानी, माटो र परिस्थितिलाई सुहाउने पञ्चायती प्रजातन्त्रको स्थापना गरिबक्स्यो । यस व्यवस्थामा देशको चौतर्फी विकास हुँदै गइरहेको छ ।

**पञ्चायत भनेको के हो** ? आफ्नो क्षेत्र, गाउँ वा जिल्लामा परिआएका जुनसुकै समस्यालाई समाधान गर्न र योजना बनाई त्यसलाई कार्यमा ल्याउन धेरै जनताले भर पत्यार गरेर छानेका ५ जना अनुभवी विशिष्ट व्यक्तिहरूको समूहलाई पञ्चायत भन्ने चलन थियो। यस्तो पञ्चायतले गरेको निर्णयलाई सबैले मान्दथे । पवित्र हिन्दूराज्य हाम्रो देश नेपालमा पहिलेदेखि नै पञ्चायत प्रणालीबाट शासन चलेका प्रमाणहरू धेरै पाइन्छन् । प्राचीनकालदेखि नै नेपालमा र अन्य छिमेकी देशहरूमा समेत सभा कचहरीहरूमा पञ्च भलादमी बस्ने चलन थियो ।

लिच्छवीकालमा एक किसिमको स्थानीय स्वायत्त शासन थियो । स्थानीय प्रशासन पाञ्चाली ( पञ्चायत ) को जिम्मामा सुम्पिएको हुन्थ्यो । स्थानीय जनहितका कामहरू र मुद्दा मामिला छिन्ने सबै काम पाञ्चालीको जिम्मामा हुन्थ्यो ।

मल्लकालमा पनि राजाहरूले पञ्चको सल्लाह लिई काम गर्दथे भन्ने धेरै प्रमाणहरू पाइन्छन् । जयस्थिति मल्ल, यक्ष मल्ल, महेन्द्र मल्ल, सिद्धिनरसिंह मल्ल तथा रणजित मल्ल जस्ता मल्ल राजाहरूले पनि लोकहित राज्य बनाउन पञ्चायती प्रणाली अपनाएका थिए ।

पछि शाहकालमा गोरखाका राजा राम शाह र श्री ५ पृथ्वीनारायण शाहले पनि दुनियाँको राय अनुसार काम होस् भन्ने उद्देश्यले पञ्चहरूको सल्लाह लिई काम गर्दथे । राम शाहको पालामा सानातिना मुद्दाहरू गाउँ पञ्चायतले नै छिन्दथ्यो । यी सब कुराहरूबाट हाम्रो देशमा पञ्चायती प्रणाली सामाजिक संस्थाको रूपमा परम्परादेखि नै चलिआएको रहेछ भन्ने कुरा थाहा हुन्छ ।

राणाहरूले समेत नेपालमा पञ्चायती व्यवस्थालाई सामाजिक संस्थाको रूपमा मान्यता दिएकै थिए । सं० १९८३ साल बैशाख २७ गते दाङ देउखुरीमा मान्यजन कचहरीको नामले पञ्यायती व्यवस्थाको शुरुआत भयो । पछि २००६ सालमा गाउँ पञ्चायत ऐन र पञ्चायती अदालत ऐन समेत पास भयो । यस प्रकार पञ्चायती व्यवस्था नेपाली जन जीवनमा भिजी अटूट परम्परा र संस्कृतिको रूपमा रही आएको पञ्चायत व्यवस्थालाई सामाजिक संस्थाको रूपमा मात्र नराखी आधुनिक प्रजातन्त्रका विशेषताहरूलाई समेत ख्यालमा राखी राजनैतिक व्यवस्थाको रूपमा अर्थात् जनताबाट चुनिई आएका पञ्चहरूबाटै देशको शासन चलाउनकोलागि श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट पञ्चायती व्यवस्थाको स्थापना गरिबक्सेको हो ।

**पञ्चायत प्रणालीका उद्देश्य तथा लक्ष्यहरू**— नेपालको संविधानको धारा १९ बमोजिम पञ्चायत प्रणालीका उद्देश्य र लक्ष्य यस प्रकार छन्:–

एक आकौ को मेलल्या

(१) व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्ग र व्यवसायको हितमा सामञ्जस्य ल्याई एउटा प्रजातान्त्रिक र न्यायपूर्ण गतिशील र शोषणरहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्नु पञ्चायत प्रणालीको उद्देश्य हुनेछ ।

(२) साधारण जनतालाई जागरूक र चेतशील बनाई क्रमिक विकेन्द्रीकरणद्वारा प्रत्येक तहको शासनमा जन प्रतिनिधिहरूलाई अधिकाधिक मात्रामा सम्मिलित गराई देशको प्रतिभा र साधनलाई सकेभर बढी मात्रामा र स्वेच्छाले उपधारा ( १ ) अनुरूपको समाजको सृजना गर्ने काममा, परिचालन गर्नु पञ्चायत प्रणालीको राजनैतिक लक्ष्य हुनेछ ।

(३) देशको आर्थिक उन्नतिमा जन साधारणलाई सकभर बढी मात्रामा सम्मिलित गराई र निजी उद्योगलाई समेत उचित प्रश्रय दिई कुनै पनि व्यक्ति अथवा वर्गद्वारा अन्य कुनै व्यक्ति वा वर्गमा अनुचित आर्थिक दवाब हुन नदिने व्यवस्था गर्नु पञ्चायत प्रणालीको आर्थिक लक्ष्य हुनेछ ।

(४) उपधारा ( १ ) मा उल्लेख गरिएको समाजको सृजना गर्ने काममा साधारण जनतालाई क्रियाशील तुल्याउने मार्गमा रहेका बाधाहरू हटाई सामञ्जस्यपूर्ण र नैतिकतामा आधारित सामाजिक जीवनको स्थापना गर्नु पञ्चायत प्रणालीको सामाजिक लक्ष्य हुनेछ ।

## प्रश्न

१. देशमा सरकारको किन आवश्यकता हुन्छ ?
२. हाम्रो देशमा राजाको हातबाट शासनको अधिकार कसले र कतिसम्म खोसेर लिएका थिए ?
३. राणाहरूलाई कसले र कहिले हटाई नेपालमा प्रजातन्त्रको स्थापना गरे ?
४. पञ्चायती प्रजातन्त्रको स्थापना कसबाट र किन भयो ?
५. पञ्चायत भनेको के हो ?
६. लिच्छवीकालमा स्थानीय प्रशासन कसको जिम्मामा सुम्पिएको हुन्थ्यो ?
७. "नेपालमा राणाहरूको समयमा पनि पञ्चायती व्यवस्थालाई सामाजिक संस्थाको रूपमा मान्यता दिइएको थियो" भन्ने कुरालाई वयान गर ।
८. पञ्चायती व्यवस्थालाई राजनैतिक व्यवस्थाको रूपमा मान्यता दिने को हो ?
९. पञ्चायत प्रणालीका लक्ष्यहरू के के हुन् ?

# पञ्चायतका विभिन्न तह

तलदेखि माथिसम्म नै अर्थात् गाउँ, नगर, जिल्ला, अञ्चल र राष्ट्रभरकै शासन जनताको हितको लागि जनताका प्रतिधिहरूबाटै चलोस् भन्ने उद्देश्यले नेपालमा पञ्चायती राज्यको स्थापना भएको हो । पञ्चायती राज्यको स्थापना खासगरी जनताको हरेक किसिमको हित र उन्नतिको लागि भएको हो । पञ्चायती प्रजातान्त्रिक सरकारले जनताको आफ्नो इच्छा पूरा गर्ने, उनीहरूको अवस्थामा सुधार र उन्नति ल्याउने, शोषणरहित समाजको सृजना गर्ने, सबै जनालाई शिक्षित तथा निरोगी गराएर आफ्नो गाउँ, जिल्ला, अञ्चल र राष्ट्रभित्रको काममा अभिरूचि जगाई त्यसमा भागलिन लगाउने इत्यादि धेरै कामहरू गर्दछ । यो पञ्चायती राज्य प्रणाली सिंढी ढाँचाको छ र यसमा चार तहहरू छन् :—

(१) गाउँ पञ्चायत वा नगर पञ्चायत
(२) जिल्ला पञ्चायत
(३) अञ्चल सभा
(४) राष्ट्रिय पञ्चायत

## (क) गाउँ पञ्चायत

गाउँ सभा— दुई हजार जनतासम्म बस्ती भएको गाउँको सभालाई गाउँ सभा भन्दछन् । यसमा २१ वर्ष उमेर पुगेका, सो गाउँमा १ वर्षसम्म बसेका र त्यहीं घरवास भएका स्त्री या पुरूष सबै यस सभाका सदस्य हुन्छन् । तर बिदेशी वा मगज बिग्रेका मानिस गाउँ सभाको सदस्य हुन पाउँदैन् । गाउँ सभाको बैठक हिउँदे बालीपछि एक पटक र वर्षे बालीपछि एक पटक गरी सालको जम्मा दुई पटक बस्न पर्दछ । वर्षे बालीपछि गाउँ सभाले गाउँ पञ्चायतले पेश गरेको वर्षभरिको आम्दानी खर्चको हिसाब हेर्दछ र अर्को वर्षको निमित्त चाहिने खर्चको निकासा दिन्छ । हिउँदे बाली पछिको गाउँ सभाको चाहिं पञ्चायतले गाउँका जनताको भलाइको लागि पेश गरेका योजनाहरूको छलफल गरी निर्णय दिन्छ । हाल नेपालमा यस्ता गाउँ सभा लगभग ४ हजार छन् ।

**गाउँ कोष**— गाउँ सभाले आफ्नो कामकाज गर्नलाई चाहिने खर्चका रकमहरू जम्मा गर्न एउटा कोष खडा गरेको हुन्छ । यस कोषमा गाऊँ सभाले आफ्नो अधिकार बमोजिम उठाएको कर दस्तुर आदि रकमबाट उठाइएका नगदी वा जिन्सी रकम जम्मा भएका हुन्छन् । यस्ता रकममध्ये पशुकर, सवारीकर, मेला बजार दस्तुर, शिक्षाकर, ढुङ्गाकर, लाइसेन्स दस्तुर आदिबाट उठेका करहरू र श्री ५ को सरकारबाट, जि० पं० बाट प्राप्त अनुदानका रकमहरू मुख्य हुन्छन् ।

**गाउँ पञ्चायतको गठन**— प्रत्येक गाउँ सभाले आफ्नो कार्यव्यवस्था सुचारू रूपले चलाउनको लागि गाउँ सभाका सदस्यहरूमध्येबाट २१ वर्ष उमेर पुगेका ११ जना व्यक्तिहरूको एक कार्यकारिणी समितिको गठन गर्दछ । यसैलाई गाउँ पञ्चायत भनिन्छ । प्रत्येक गाउँसभाको इलाका-

लाई जम्मा ९ वडामा विभाजित गरिएको हुन्छ र प्रत्येक वडाबाट एक एकजना प्रतिनिधि पर्ने गरी गाउँ पञ्चायतको सदस्यको रूपमा गुप्त मतदानद्वारा निर्वाचित हुन्छन् । बाँकी २ जना प्रधान पञ्च र उप-प्रधान पञ्च चाहिं गाउँ सभाका सम्पूर्ण सदस्यले गुप्त मतदानद्वारा निर्वाचन गर्दछन् । यिनै प्रधान पञ्च र उप-प्रधान पञ्च गाउँ सभाका पदेन सभापति र उप-सभापति हुन्छन् । प्रधान पञ्च र उप-प्रधान पञ्चको अवधि ४ वर्षको हुन्छ र सदस्यहरूको अवधि ६ वर्षको हुन्छ । तर हरेक २ वर्षमा एक तिहाई सदस्यको कार्यकाल गोलाप्रथाद्वारा समाप्त हुन्छ र सो ठाउँमा नयाँ सदस्य निर्वाचित भई आउँछन् । बहालवाला सरकारी कर्मचारी, गाउँ सभाको तलबी कर्मचारी, गाउँसभालाई तिर्नुपर्ने कर नतिर्ने, साहुको ऋण तिर्न नसक्ने, चुनाव अपराधमा सजायँ पाएको, नैतिक पतनको अभियोगमा अदालतले दोषी ठहर्‍याएको, ऐनद्वारा निर्धारित वर्गीय र व्यावसायिक सङ्गठनहरूमध्ये कुनै एकको सदस्य नभएको तथा गाउँ सभाको विरूद्ध उठेको मुद्दामा लाग्ने व्यक्ति गाउँ पञ्चायतको सदस्य हुन पाउँदैन ।

**प्रधान पञ्च र उप-प्रधान पञ्चको अधिकार र कर्तव्य**— प्रधान पञ्चले महीनाको एक पटक पञ्चायतको बैठक बोलाउनु पर्दछ र सो बैठकमा गाउँ सभाले निर्णय गरेका कामको विवरण पेश गर्ने र अरू नयाँ प्रस्तावहरू पेश गर्ने काम गर्दछन् । बैठकमा पेश भएका प्रस्तावहरूको विषयमा दुई राय भई मत बराबर हुन आएमा प्रधान पञ्चले कुनै पनि पक्षमा आफ्नो राय दिई बहुमत तुल्याउँछन् । यस बाहेक गाउँसभाका कर्मचारीहरूको रेख देख गर्ने, धनमालको हेरविचार गर्ने, गाउँ पञ्चायतले पास गरेका कामको विवरण जिल्लापञ्चायतमा पठाउने, गाउँ सभा र पञ्चायतको कागजपत्र राख्ने र परिआएमा गाउँ सभाको असाधारण सभा बोलाउने आदि बिभिन्न कामहरू गर्दछन् । पैसा खर्च गर्ने सम्बन्धमा प्रधान पञ्चले विशेष अवस्था परेको बेलामा एक पटकमा रू० ३००।– सम्म गाउँको कोषबाट आफ्नो तलबीजले र सोभन्दा बढी खर्च गर्न गाउँ पञ्चायतको स्वीकृत लिएर गर्न सक्तछन् । उप-प्रधान पञ्चले प्रधान पञ्च नभएको बेलामा प्रधान पञ्चले गर्ने सबै काम गर्दछन् र प्रधान पञ्चले लिखित आदेश गरी अह्राएको काम गर्दछन् । गाउँ पञ्चायतमा एक सचिव हुन्छन् । गाउँ पञ्चायतको सभा बोलाउने तथा सभामा निर्णयहरूको रेकर्ड राख्ने आदि काम सचिवले गर्नु पर्दछ । भूमिप्रशासन लागू भएका जिल्लाहरूमा श्री ५ को सरकारले र नभएका जिल्लाहरूमा गाउँ पञ्चायतले नै सचिवको नियुक्ति गर्दछ ।

**गाउँ पञ्चायतको अधिकार र कर्तव्य**— गाउँ पञ्चायत पञ्चायती प्रजातन्त्रको सबभन्दा तल्लो तह भएता पनि यसले गर्नु पर्ने कार्यहरू अति विस्तृत छन् । यी कार्यहरूमध्ये मुख्य मुख्य यिनैहुन्:-

(१) **निर्माण सम्बन्धी विकास कार्य सञ्चालन गर्ने**— जनताको हितको लागि आफ्नो इलाकाभित्र बाटो, पुल, इनार, कुवा, धारा आदिको निर्माण गर्नु र बाटोको दायाँ बायाँ रुख लगाउने आदि जनताको हित हुने सबै किसिमको निर्माणकार्यहरूको सञ्चालन गर्नु गाउँ पञ्चायतको मुख्य कर्तव्य हो ।

(२) **शिक्षा प्रचार गर्ने**— आफ्नो इलाकाभित्र कमसेकम एक प्राथमिक पाठशालाको स्थापना गर्नु, भैरहेका पाठशालाहरूको रक्षागर्नु र वाचनालय तथा पुस्तकालय खोल्नु गाउँ पञ्चायतको अर्को मुख्य काम हो ।

(३) **जनताको स्वास्थ्यरक्षा गर्ने**– ग्रामीण जनताको स्वास्थ्य रक्षाको लागि सुघर सफाइ-को प्रचार गर्नु, औषधालयहरूको प्रबन्ध गरी प्राथमिक चिकित्सा गर्नु गराउनु, महामारी तथा सरुवारोगको रोकथाम गर्नु, खाने तथा लुगा धुने पानीको प्रबन्ध गर्नु, मसानघाट तथा सिनु आदि फोहोर मैला फ्याँक्ने ठाउँको प्रबन्ध गर्ने इत्यादि काम पञ्चायतले गर्नु पर्दछ ।

(४) **गाउँ सभाको सम्पति बढाउने कार्य गर्ने**– गाउँमा विकास कार्य गर्नको लागि जनता-बाट कर, चन्दा आदि उठाउनु, आफ्नो इलाकाभित्रका चल अचल सम्पत्तिको रक्षा-गर्नु, पर्ती जग्गाको उपयोग गरी गाउँकोषमा बृद्धि गराउनु तथा जनावर, गाडी, मेला बजार आदिको कर र रेडियो आदिको लाइसेन्स कर उठाउनु पञ्चायतको एक मुख्य काम हो ।

(५) **कृषि तथा पशुपालनको विकास गर्ने**– गाउँ पञ्चायतको अर्को मुख्य काम आफ्नो इलाकाभित्र खेतीको उब्जाउ बढाउन कृषकलाई वैज्ञानिक तरीकाबाट खेती गर्न लगाउनु, असल मल, बीज तथा ज्यावलहरूको प्रबन्ध गर्नु, सिञ्चाईकोलागि कुलो आदिको निर्माण गर्नु र सहकारी संस्थाहरू खोली किसानहरूलाई ऋण दिनु हो । यी बाहेक पशुपालनमा बृद्धि गराउनु र तिनीहरूलाई रोग व्याधीबाट सुरक्षित राख्ने आदि काम पनि पञ्चायतले गर्नु पर्दछ ।

(६) **घरेलु उद्योग तथा सहकारिताको प्रचार गर्ने**– आफ्नो गाउँभित्र पाइने कच्चा पदार्थ प्रयोगमाल्याई साना तिना घरेलु उद्योगहरू खोली गाउँलेहरूलाई घरेलु इलम सिकाउनु र सहकारितालाई प्रोत्साहन दिनु गाउँ पञ्चायतको अर्को काम हो ।

(७) **जिल्ला पञ्चायत तथा श्री ५ को सरकारलाई सहयोग गर्ने**– श्री ५ को सरकार तथा जिल्ला पञ्चायतबाट आएका सूचना टाँस्नु, सार्वजनिक हितकालागि सरकारबाट गरिएका कुराहरूको महत्व बुझाउनु तथा जिल्ला पञ्चायत वा श्री ५ को सरकारले गर्न लागेको विकास कार्यमा सहयोग गर्नु पनि गाउँ पञ्चायतको मुख्य काम हो ।

(८) **जनतालाई न्याय निसाफ दिने**– आफ्ना इलाकाभित्र परेका बाटो मिचेको, आलीधुर तथा ज्याला मजदूरी बारेको, अरुको साँध मिचेको, बाली नतिरेको, कुलो, पानी, सन्धिसर्पन आदि बारे परेका मुद्दाहरू गाउँ पञ्चायतले हेर्नु पर्दछ । यस्ता मुद्दाहरूमा मिलापत्र गराउने अधिकार पनि गाउँ पञ्चायतको हुन्छ । गाउँ पञ्चायतले आफ्नो क्षेत्रभित्र दण्डको रुपमा कसूर हेरी दशपैसादेखि रू० १००।– सम्म जरीवाना गर्न सक्तछ ।

(९) **बिबिध**– उपर्युक्त कार्य बाहेक जनताको मनोरञ्जनको लागि बजार, मेला, हाट र प्रदर्शनीको प्रबन्ध गर्ने, नापतौल ढक आदिको जाँच बुझ गर्ने, जन्म मरणको लगत लिने तथा दैवी आपद् विपद् पर्दा स्वयंसेवक दल खडा गरी जनताको सहायता गर्ने आदि कामहरू पनि गाउँ पञ्चायतले गर्नु पर्दछ । गाउँ पञ्चायतको अर्को मुख्य काम जिल्ला सभाको लागि एक जना प्रतिधि निर्वाचनगर्नु पनि हो ।

यस प्रकार गाउँ पञ्चायत नै पञ्चायती प्रणालीको जग भएकोले गाउँको कार्यकुशलतामा जिल्ला, अञ्चल र राष्ट्रकै उन्नति निर्भर रहने हुनाले देश निर्माण कार्यमा गाउँ पञ्चायतको ठूलो जिम्मेवारी छ । यसरी गाउँ पञ्चायतका कार्यहरू ज्यादै महत्वका भएकाले गाउँको विकास तर्फको लागि हरेक ग्रामीण जनताले गाउँ पञ्चायतलाई सक्रिय सहयोग गर्नु पर्दछ र सरकारबाट पनि बेला बेलामा चाहिएको सहयोगदिनु पर्दछ । यस्तो भएमा ग्रामीण जनतालाई उत्साह बढ्न जानेछ र आफ्नो गाउँको विकासमा सहयोग गरी आफ्नो गाउँलाई उज्वल पार्नेछन् । यसरी गाउँनै गाउँ भएको हाम्रो देशमा समस्त गाउँको विकास भएमा राष्ट्रको समेत विकास भई हाम्रो देशनै उन्नतिको शिखरमा पुग्नेछ ।

**प्रश्न**

१. पञ्चायती प्रजातान्त्रिक सरकारले के के कामहरू गर्दछ ? कुनै चार कुरा लेख ।
२. पञ्चायतका कति तहहरू छन् ?
३. गाउँ सभा भनेको के हो ? यसको गठन कसरी हुन्छ ?
४. गाउँ कोषको आम्दानीका स्रोतहरू के के हुन् ?
५. गाउँ पञ्चायत भनेको के हो ? यसको गठन कसरी हुन्छ ?
६. कस्तो मानिस गाउँ पञ्चायतको सदस्य बन्न पाउँदैन ?
७. प्रधान पञ्चको अधिकारभित्र पर्ने कुनै मुख्य चार कार्यहरू बताऊ ।
८. गाउँ पञ्चायतका कार्यहरूमध्ये तिमीले मुख्य ठानेका कुनै पाँच कार्यहरूको बयान गर ।

## (ख) नगर पञ्चायत

**गठन**– नगर पञ्चायत पनि गाउँ पञ्चायत जस्तै सबभन्दा तल्लो तहको पञ्चायत हो । गाउँ पञ्चायत गाउँमा रहन्छ र नगर पञ्चायत नगरमा रहन्छ । दश हजार वा सोभन्दा बढी जनसङ्ख्या भएको नगरमा श्री ५ को सरकारले नगर पञ्चायतको स्थापना गर्दछ । हाल नेपालमा जम्मा १६ # नगर पञ्चायतहरू छन् । दशहजारसम्म जनसङ्ख्या भएको इलाकाहरूलाई ९ वडामा र सोभन्दा बढी जनसङ्ख्या भएको इलाकालाई जनसङ्ख्याको आधारमा ९ भन्दा बढी वडाहरूमा विभाजित गरिन्छ । यसरी नगर पञ्चायतमा निर्वाचित सदस्य सङ्ख्या ९ देखि ३३ सम्म हुन सक्तछ । प्रत्येक वडाबाट एक एक जना २१ वर्ष पुगेका स्त्री वा पुरूष गुप्त मतदानद्वारा निर्वाचित भई नगर पञ्चायतका सदस्य बन्दछन् । विदेशी, मगज बिग्रेका, बहाल वाला सरकारी कर्मचारी, अदालतले नैतिक पतनको अभियोगमा दोषी ठहरयाएको, ऐनद्वारा निर्धारित बर्गीय र व्यावसायिक सङ्गठनहरूमध्ये कुनै एकको सदस्य नभएको, साहूको ऋण तिर्न नसकी टाट उल्टेको,

---

# १. भद्रपुर २. इलाम ३. विराटनगर ४. धरान ५. राजविराज ६. जनकपुर ७. काठमाडौं ८. ललितपुर ९. भक्तपुर १०. वीरगञ्ज ११. हेटौंडा १२. पोखरा १३. बुटवल १४. भैरहवा १५. तानसेन १६. नेपालगञ्ज ।

कुनै अपराधमा सजायँ पाएको र लेखपढ गर्न नजान्ने इत्यादि व्यक्तिहरू बाहेक सबै नेपाली नागरिक नगर पञ्चायतको सदस्य हुन सक्तछन् । नगर पञ्चायतमा निर्वाचित सदस्य बाहेक श्री ५ को सरकारले चाहेमा सदस्य सङ्ख्याको एक चौथाई सदस्यसम्म नियुक्ति गर्न सक्तछ । तर यिनीहरू जिल्ला सभाको सदस्य हुन सक्दैनन् ।

नगर पञ्चायतका सदस्यहरूले आफू मध्येबाट गुप्त मतदानद्वारा प्रधान पञ्च र उप–प्रधान पञ्चको निर्वाचन गर्दछन् । यिनीहरूको पदावधि चार वर्षको हुन्छ र अरू सदस्यहरूको कार्यकाल ६ वर्ष हुन्छ । प्रत्येक दुई वर्षमा एक तिहाई सदस्यहरू गोला प्रथाद्वारा सदस्यबाट हट्दछन् र तिनीहरूको ठाउँमा नयाँ सदस्यहरू निर्वाचित हुन्छन् । प्रधान पञ्च, उप-प्रधान पञ्च वा अरू सदस्यहरूले नगर पञ्चायतको कुनै पनि ठेक्काको काममा भाग लिएमा, नगर पञ्चायत विरुद्ध चलेको मुद्दामा विपक्षीसँग मिलेमा, खराब आचरण गरेमा वा काम गर्न असमर्थ भएको भनी नगर पञ्चायतको जम्मा सदस्य सङ्क्ख्याको दुई तिहाईसम्म उपस्थित भएको बहुमतले सिफारिस गरेमा र जिल्ला पञ्चायतले मनासिब ठहऱ्याएमा प्रधान पञ्च, उप–प्रधान पञ्च वा कुनै सदस्यलाई पनि सदस्यबाट हटाउन सकिन्छ ।

नगर पञ्चायतको सभा कम से कम महीनाको एक पटक बस्तछ । तर जरूरी काम परेमा प्रधान पञ्चले अरुबेला पनि सभा बोलाउन सक्त छ । सभा चालू गर्नलाई तीन खण्डको एक खण्ड सदस्यहरूको उपस्थिति हुनै पर्दछ । तर आम्दानी खर्च सम्बन्धी कुराको छलफल गर्नलाई ५० प्रतिशत सदस्यको उपस्थिति हुनु पर्दछ । नगर पञ्चायतको बैठकमा नगर पञ्चायतको प्रधान पञ्च सभापति हुन्छन् र उनी नभएको बेलामा उप–प्रधान पञ्चले सभापतिको काम गर्दछन् ।

## नगर पञ्चायतको अधिकार र कर्तव्यः

(१) **निर्माण आदि विकासका कार्यहरू गर्न**– नगर पञ्चायतलाई सडक, पुल, ढल, निकास बनाउने, मर्मत गर्ने, अजायबघर, चिडियाखाना, धर्मशाला, सभागृह, आदि बनाउने, बत्तीको प्रबन्ध गर्ने, धारा, पोखरी, तलाउ, इनार, बाँध, कुलो, पार्क आदि अनेकौं महत्वपूर्ण विकास कार्यहरू गर्ने जिम्मेवारी सुम्पेको हुन्छ । यी सबै कामहरू नगर पञ्चायतले गर्नु पर्दछ ।

(२) **शिक्षा प्रचार गर्न**– नगर पञ्चायतले श्री ५ को सरकारको शिक्षा नियम भित्र रही आफ्नो इलाकामा शिक्षालयहरूको स्थापना गर्न र त्यसको रेखदेख गर्न सक्तछ । ६ देखि १० वर्षसम्मका बाल–बालिकाहरूलाई अध्ययन गर्न अनिवार्य गराउन सक्तछ ।

(३) **स्वास्थ्यरक्षा गर्न**– जनताको स्वास्थ्य रक्षाको निमित्त सर्वप्रथम खानेपानीको निमित्त आवश्यक प्रबन्ध गर्नु, सडे गलेका बासी चीजहरू बेच्न नदिनु, फोहोर मैला फ्याँक्ने प्रबन्ध गर्नु, सरुवा रोग लागेको मानिसलाई सार्वजनिक ठाउँबाट हटाउनु आदि आवश्यकतानुसार आफ्नो इलाका भित्र सफाइ सुग्घर राख्ने इत्यादि काम नगर पञ्चायतको मुख्य काम हो ।

(४) **सार्वजनिक हित र सुरक्षा गर्ने**– जनताको सार्वजनिक हित र सुरक्षाको लागि बहुला कुकुर मार्ने, छाडा पशुहरूलाई जथाभावी हिंड्न नदिने, ज्यू ज्यानलाई खतरा हुने थोत्रो घर भत्काउने, खाडल र धापहरू पुर्ने, अनैतिक व्यापार वा पेशा रोक्ने, भाडाका मोटर, बस आदि सवारीको प्रबन्ध गर्ने र पार्किङ्गको व्यवस्था गर्ने तथा दैवी आपदविपद परेमा यथासम्भव सहायताको प्रबन्ध गर्ने आदि कामहरू पनि नगर पञ्चायतका मुख्य काम हुन् ।

(५) **प्रशासन सम्बन्धी कार्य गर्ने**– नगर पञ्चायतले आफ्नो क्षेत्रभित्रका घर जग्गाको लगत राख्ने, हक बेहक छुट्याउने, नक्शा पास गर्ने, सन्धिसर्पन सम्बन्धी उजुरी परेमा जाँची किनारा लगाउने, माना पाथी ढक तौलको जाँच गर्ने तथा विभिन्न कार्यको लागि निकासा भएको रकम सही तरीकाबाट खर्च गराउने इत्यादि काम गर्दछ ।

(६) **नेपाली संस्कृतिको रक्षा गर्ने**– नगर भित्रका प्राचीन मन्दिर, पाटी, पौवा आदिको संरक्षण गर्ने, लोकनृत्य तथा नाच गानलाई समयोचित विकास गर्ने तथा नगरवासीको नैतिकता उठाउने कामहरू गर्ने र वेवारिसी नावालकहरूको संरक्षण गर्ने काम पनि नगर पञ्चायतले गर्नु पर्छ ।

(७) **मुद्दा मामिला हेर्ने**– नगर पञ्चायतले गाउँ पञ्चायतको जस्तो मुद्दा मामिला उजुर पर्न आएमा त्यस्ता मुद्दा निकारा लगाइदिने र नगर पञ्चायतको नियम उल्लङ्घन गरेमा रू. १००।– सम्म जरीवाना गर्न सक्तछ ।

(८) **तथ्याङ्क राख्ने**– नगर पञ्चायतले आफ्नो इलाकाभित्र जनसङ्ख्या र जन्म मरणको तथ्याङ्क लिने, घर जग्गाको लगत लिने र आफ्नो इलाका भित्रको सर्भे गरी सबै किसिमको तथ्याङ्क तयार राख्नु पर्दछ ।

(९) **विविध**– उपर्युक्त कामहरू बाहेक नगरपञ्चायतले नगरवासीहरूको मनोरञ्जनको लागि बेला–बेलामा प्रदर्शनी, खेलकूद, तमाशा, नाच–गान, मेला आदिको प्रबन्ध गर्ने, विदेशीहरूको लागि बसोवासको बन्दोवस्त तथा ठूलठूला व्यक्तिहरूलाई नागरिक अभिनन्दन चढाउने काम तथा परेको बेलामा आफ्नो अधिकार भित्रको जुनसुकै काम पनि गर्न सक्तछ । गाउँ पञ्चायतले जस्तै नगर पञ्चायतले पनि श्री ५ को सरकार तथा जिल्ला पञ्चायतले गरेको विकास कार्यमा सहयोग गर्ने र नगर पञ्चायतको सदस्य सङ्ख्याको एक तिहाई सदस्य निर्वाचन गरी जिल्ला सभामा पठाउने इत्यादि कार्यहरू पनि गर्दछ ।

**प्रधान पञ्च र उप–प्रधान पञ्चको अधिकार र कर्तव्य**– नगर पञ्चायतको सभा बोलाउने, सञ्चालन गर्ने, नगर पञ्चायतका कर्मचारीहरूको रेखदेख गर्ने, जिल्ला पञ्चायत तथा श्री ५ को सरकारले मागेका विवरणहरू पेश गर्ने, स्याहा स्रेस्ताको हिसाब राख्ने र पञ्चायतको निर्णय जिल्ला पञ्चायत र स्थानीय हाकीमलाई दिने आदि काम प्रधान पञ्चले गर्दछन् । उप–प्रधान

पञ्चले चाहिं प्रधान पञ्चले दिएका अधिकार बमोजिमको काम गर्ने र प्रधान पञ्चको अनुपस्थितिमा प्रधान पञ्चले गर्ने कामहरू गर्दछन् ।

हरेक नगर पञ्चायतमा त्यहाँका कामको रेखदेख गर्न सरकारले एक जना प्रधान अधिकृत नियुक्त गरेको हुन्छ, जसको काम पञ्चायतले स्वीकृत गरेका निर्णयहरूको लगत राखी कार्यान्वित गर्ने गराउने तथा श्री ५ को सरकार वा जिल्ला पञ्चायतका सचिवसित गर्नु पर्ने लेखापढी र निकासा दिने आदि मुख्य हुन् । प्रधान अधिकृत नै नगर पञ्चायतका सचिव हुन् ।

**नगर पञ्चायत कोष**– नगर पञ्चायतको आफ्नो एउटा कोष हुन्छ, जसमा नगर पञ्चायतले उठाएको कर दस्तूर र प्राप्त भएको चन्दा, गोबर, मैला, मल, माटो विक्रि गरी आएको आम्दानी, दण्ड जरीवानाबाट उठेको रकम, मेला–बजार हाट पसलको दस्तुर, सवारीकर, मनोरञ्जनकर, ठेक्का र व्यापारबाट नाफा भएको रकम र नक्सापास आदिबाट आएको र सरकारी वा जि. पं. को अनुदानको रकम नगर पञ्चायतको कोषमा जम्मा हुन्छ ।

**नगर पञ्चायतको समिति र उप–समितिहरू**– नगर पञ्चायतको काम सुचारुरुपले चलाउनको लागि विभिन्न विषयमा ज्ञान भएका विभिन्न सदस्यहरू भएको स्थायी तथा अस्थायी समिति तथा उप–समितिहरू गठन हुन्छन् । यी विभिन्न समिति, उप–समितिहरूले आफूलाई तोकिएको काम मात्र गर्ने हुनाले काम राम्रो हुन जाने र चाँडो पनि हुन जाने हुन्छ । यस बाहेक नगर पञ्चायतसँग मिलेर अरु काम गर्नु परेमा संयुक्त समिति पनि बनाइन्छ । नगर पञ्चायतलाई सल्लाह दिनकोलागि एक सल्लाहकार समिति पनि रहेको हुन्छ ।

**वडा समितिहरू**– कुनै एक नगरलाई जनसङ्ख्याको आधारमा धेरै वडामा बाँडिएको हुन्छ । लगभग दश हजारसम्म जनसङ्ख्या भएको इलाकालाई ९ वडामा र सोभन्दा बढी जनसङ्ख्या भएको इलाकालाई ९ भन्दा बढी वडामा विभाजित गरिन्छ । प्रत्येक वडाबाट एक–एक जना सदस्य चुनिएर नगर पञ्चायतमा आउँदछन् । प्रत्येकको काम आफ्नो वडाको प्रतिनिधित्व गर्नु हो । वडा सदस्यले आफ्नो वडाभित्र गर्नु पर्ने जनहित कार्यको योजना बनाई यसको कार्यान्वयनको निमित्त लाग्ने खर्चको लगतसमेत नगर पञ्चायतमा पेश गरी निकासा लिन्छन् । र सोही बमोजिमको काम गर्दछन् । प्रत्येक वडामा एउटा वडा समिति हुन्छ र वडा सदस्यनै त्यसको अध्यक्ष हुन्छन् । यही वडा समितिद्वारा नै नगर पञ्चायतले प्रत्येक वडाभित्र भएका गतिविधि तथा समस्याहरूको जानकारी गर्दछ । यस प्रकार वडा समितिले गर्दा नगरका सबै जनताको प्रतिनिधित्व हुने हुनाले पञ्चायतको काम राम्ररी चल्न सक्तछ ।

उपर्युक्त कामहरू बाहेक वडा समितिले भूमिसुधार तथा कृषि सम्बन्धी अनिवार्य बचत उठाउने, त्यसको हिसाब राख्ने, किसानहरूलाई चाहिने ऋण दिने, यसको असुल गर्ने र आफ्नो वडा भित्रको जनसङ्ख्या तथा घरहरूको लगत राख्ने, आकस्मिक आपद्–विपद् परेमा जनतालाई सहयोग दिने तथा सस्तो बजार खोली जनतालाई सहयोग गर्ने आदि कामहरू पनि गर्दछ ।

### प्रश्न

१. कति जनसङ्ख्या भएको ठाउँमा नगर पञ्चायतको स्थापना हुन्छ ?

२. नगर पञ्चायतको प्रधान पञ्च कसरी छानिन्छन् ? गाउँ पञ्चायतकै तरीकाले छानिने हो ?

जिल्ला पंचायतको प्रधान पंच र उप प्रधान पंचको पदावधी ४ बर्षको र अरू सदस्यको ६ बर्ष हुन्छ।

३. नगर पञ्चायतको गठन कसरी हुन्छ ?

४. नगर पञ्चायतले गर्नुपर्ने कार्यहरूमध्ये मुख्य मुख्य कुनै पांच कार्यको बयान गर ।

५. प्रधान अधिकृत को हुन् र उनको काम के हो ?

६. वडा समिति के हो र यसको गठन कसरी हुन्छ ?

७. वडा सदस्यले के के काम गर्दछ ?

८. वडा समितिका मुख्य मुख्य कामहरू के हुन् ?

## जिल्ला पञ्चायत

**जिल्ला सभा:**— श्री ५ को सरकारले नेपाल अधिराज्यलाई जम्मा ७५ जिल्लामा विभक्त गरेको छ र हरेकमा एक एक जिल्ला सभाको स्थापना गरेको छ । जिल्ला सभा क्षेत्रभित्र पर्ने प्रत्येक गाउँ पञ्चायतले सदस्यहरूमध्येबाट चुनावद्वारा छानी पठाएको एक सदस्य र जिल्ला भित्रका नगर पञ्चायतले आफ्नो सदस्यमध्येबाट सम्पूर्ण सदस्य सङ्ख्याको एक तिहाई सदस्य तथा श्री ५ को सरकारले कानूनद्वारा व्यवस्था गरिएका सदस्यहरू जिल्ला सभाका सदस्य हुन्छन् । तर जिल्ला पञ्चायतसँगको ठेक्काको काममा हिस्सेदार बनेमा, सो पञ्चायतको विरूद्ध उठेको मुद्दामा विपक्षीसित मिलेको वा आफू बसेको जिल्ला छोडी अरू कुनै जिल्ला सभाको सदस्य भएमा तथा कुनै कारण नदेखाई जिल्ला सभाको बैठकमा लगातार तीन पटकसम्म गयल भएमा कुनै व्यक्ति जिल्ला सभाको सदस्य हुन सक्तैन ।

जिल्ला सभाको बैठक प्रत्येक वर्ष हिउँदे बालीपछि र वर्षे बालीपछि जम्मा दुई पटक बस्तछ । तर जरूरी काम पर्न आएमा सभापतिले जि. पं. को नियर्ण बमोजिम अरूबेला पनि सभा बोलाउन सक्तछन् । वर्षे बालीपछिको जिल्ला सभाको साधारण बैठकमा जिल्ला पञ्चायतले पेश गरेको वर्षभरीको आम्दानी खर्चको हिसाब हेरी अर्को सालको निमित्त चाहिने खर्चको निकासा दिन्छ । हिउँदे बालीपछिको साधारण सभामा चाहिं जिल्ला पञ्चायतले जनताको भलाईको लागि विकास कार्यहरूबारे पेश गरेका तर्जुमाहरूमा छलफल गरी निर्णय दिन्छ ।

**जिल्ला पञ्चायतको गठन**– प्रत्येक जिल्ला सभाका सदस्यहरूले आफूमध्येबाट गुप्त मतदानद्वारा ९ जना सदस्य, एक सभापति र एक उप–सभापति गरी जम्मा ११ जनाको कार्य-कारिणी समितिको चुनाव गर्दछन् । यसलाई जिल्ला पञ्चायत भन्दछन् । जिल्ला पञ्चायतका सभापति र उप–सभापति नै जिल्ला सभाको पनि सभापति र उप–सभापति हुन्छन् । सभापति र उप–सभापतिको अवधि चार वर्षको र अरू सदस्यहरूको अवधि ६ वर्षको हुन्छ । प्रत्येक दुई वर्षमा एक तिहाई सदस्यहरू गोला प्रथाद्वारा हट्छन् र तिनीहरूको ठाउँमा नयाँ सदस्यहरूको निर्वाचन हुन्छ । कुनै सदस्य जिल्ला पञ्चायतको बैठकमा बिना सूचना लगातार तीन पटकसम्म उपस्थित नभएमा, जिल्ला सभाको सदस्यबाट बञ्चित भएमा, जिल्ला पञ्चायतको ठेकदारसँग हिस्सेदार भएमा, जिल्ला पञ्चायतको बिरूद्ध उठेको मुद्दा मामिलामा लागेमा अथवा जिल्ला सभाको दुई तिहाई सदस्यले अविश्वासको प्रस्ताव पारित गरेमा तथा राष्ट्रिय पञ्चायतको सदस्य भएमा र राजीनामा गरेमा कुनै पनि व्यक्ति जिल्ला पञ्चायतको सदस्यबाट हट्नेछ ।

जिल्ला पञ्चायतको साधारण बैठक महीनाको एक पटक बस्तछ । तर जिल्ला पञ्चायतका बहुमत सदस्यले लिखित मागगरेमा सात दिनभित्र सभापतिले असाधारण बैठक बोलाउनु पर्दछ । यदि उनले बैठक नबोलाएमा उप-सभापतिले र उनले पनि नबोलाएमा जिल्ला पञ्चायतको सचिवले अर्को एक महीनाभित्र बैठक बोलाउनु पर्दछ । जिल्ला पञ्चायतको सचिवलाई श्री ५ को सरकारले नियुक्त गर्दछ । जिल्ला पञ्चायतको बैठक बस्नलाई सभापतिबाहेक जम्मा सदस्य सङ्ख्याको आधा सदस्यको उपस्थिति हुनु पर्दछ । तर तीन पटकसम्म पनि चाहिंदो सङ्ख्या नपुगेमा चौथो पटकमा जतिसुकै सदस्य उपस्थिति भए पनि बैठक बस्न सक्तछ ।

**जिल्ला सभाको कोष र सम्पत्ति–** जिल्ला सभाको आफ्नो नगद तथा जिन्सी जम्मा गर्ने एउटा कोष हुन्छ, त्यसलाई जिल्ला सभा कोष भन्दछन् । यसमा श्री ५ को सरकार र अञ्चल सभाबाट पाएका नगदी रकम, जिल्ला सभाले दिएको ठेक्काबाट प्राप्त भएको रकम र पुराना मालसामान लिलाम गर्दा उठेको रकमहरू जम्मा हुन्छन् । जिल्ला सभाको आम्दानीको स्रोतमध्ये आफ्नो नियन्त्रणमा रहेको बाटो, पुल, पोखरी, घाट, बाँध, पैनि आदिको चल्ती गर्ने व्यक्तिबाट उठेको दस्तुर, सवारीकर, घरको कर, पुस्तकालय, औषधालय, धर्मशाला, डाँक्, बङ्गला आदि उपयोग गर्ने व्यक्तिबाट उठेको रकम तथा जीव जन्तुका सिपी, हाड, दाँत, प्वाँख, ढुङ्गा, मूढा, माछा, [1]दहतर, [2]बहतर आदिको ठेक्काबाट प्राप्त रकम र घट्टको मालपोत तथा जरीवानाको रकम आदि हुन् ।

**जिल्ला पञ्चायतका सभापति र उप-सभापतिको अधिकार र कर्तव्य –** सभापतिले जिल्ला सभाको सम्पत्तिको हेर विचार गर्ने, स्याहा श्रेस्ता कागजपत्रहरू दुरुस्त राख्न लगाउने, श्री ५ को सरकार तथा अञ्चल सभाले मागेका विवरण पेश गर्ने र श्री ५ को सरकारको निर्देशन पालन गर्ने तथा नगर वा गाउँ पञ्चायतले गरेका मुख्य मुख्य कामको विवरण लिने काम गर्दछन् । काम गरे वापत नियम बमोजिमको भत्ता पनि पाउँछन् । सभापतिको अनुपस्थितिमा उप-सभापतिले सभापतिको काम गर्दछन् र सभापतिलाई हटाउन अविश्वासको प्रस्ताव पेश भएको जिल्ला सभाको बैठकमा सभापतित्व गर्दछन् ।

**जिल्ला पञ्चायतको अधिकार र कर्तव्य–** जिल्ला पञ्चायतले गर्ने कार्यहरू अति महत्वका छन् । पञ्चायती व्यवस्थाको सफलताको आधार नै जिल्ला पञ्चायत हो । यसका कार्यहरूमध्ये मुख्य मुख्य यिनै छन् :–

(१) **निर्माण सम्बन्धी विकास कार्यहरू–** जिल्ला विकासको सम्पूर्ण अभिभारा जिल्ला पञ्चायतको जिम्मामा छोडिएकोले श्री ५ को सरकारको जिल्लास्तरीय सबै विकास कार्यहरू जिल्ला पञ्चायतले नै कार्यान्वित गर्दछ । यस बाहेक आफ्नो जिल्लामा सडक, पुल, नल, ढल, इनार, पोखरी आदि निर्माण गर्ने, समय समयमा विकास प्रदर्शनी, किसान मेला, पञ्चायत सम्मेलन आदि गर्ने र नगर तथा गाउँ पञ्चायतलाई यस काममा सहयोग गर्ने कामहरू मुख्य हुन् ।

---

1 ( दहमा उत्रिने )
2 ( बगाएर ल्याउने )

(२) **सार्वजनिक सुरक्षा तथा स्वास्थ्य सम्बन्धी कार्य–** स्वास्थ्य र सफाइ, पिउने पानीको योजना सञ्चालन गर्नु, चिकित्साको प्रबन्ध गर्नु, महामारी, सरुवा रोग र नसा लाग्ने चीजको रोकथाम गर्नु, दैवी प्रकोप तथा दूर्घटनाले पीडितहरूको सेवा गर्नु आदि जिल्ला पञ्चायतको दोस्रो काम हो ।

(३) **शिक्षा प्रचार–** श्री ५ को सरकारको नियममा रही आफ्नो जिल्लाभित्र प्राथमिक तथा माध्यमिक विद्यालय खोली शिक्षाको विकास गर्ने र सांस्कृतिक विकासका कार्यहरू गर्ने आदि कामहरू पनि जिल्ला पञ्चायतका काम हुन् ।

(४) **कृषि विकाश तथा पशुपालन–** नेपाल कृषि प्रधान देश भएकोले देशको आम्दानीको स्रोत कृषिको उन्नतिमा नै भर पर्दछ । यसैकारण जिल्ला पञ्चायतले जिल्ला-स्तरीय सिञ्चाइ योजना सञ्चालन गरी पर्ती जग्गाको आवाद गर्दछ र खोला-नालाबाट जमीनको बचाउगर्ने काम समेत गर्दछ । साथै गाउँ वा नगर पञ्चा-यतलाई वैज्ञानिक ढङ्गका मल, बीज, औजार आदि प्रदान गरी नयाँ ढङ्गले खेती गर्न सिकाउँदछ । राम्रा राम्रा बस्तुभाउ पालन गर्ने र तिनीहरूको सुधार गर्ने काम पनि गर्दछ ।

(५) **घरेलु उद्योग तथा सहकारिताको विकास–** देशको आर्थिक विकासको लागि घरेलु उद्योगहरू खोली सहकारिताको विकास र प्रचार गर्ने जिल्ला पञ्चायतको अर्को काम हो ।

(६) **गाउँ र नगर पञ्चायतको रेखदेख–** आफ्नो जिल्ला भित्रको नगर र गाउँ पञ्चायतको खर्चको र कामको रेखदेख गरी आवश्यकता अनुसार निर्देशन गर्ने काम पनि जिल्ला पञ्चायतको हो । श्री ५ को सरकार वा अञ्चल सभाबाट प्राप्त अनुदान स्थानीय पञ्चायतहरूलाई बाँड्ने, दुई वा दुईभन्दा बढी गाउँ पञ्चायत वा नगर पञ्चायतले मिलेर गरेका योजनालाई कार्यान्वित गराउने, स्थानीय संस्थाहरूले गरेका कामको विवरण माग्ने तथा कुनै ठाउँमा गाउँ अथवा नगर पञ्चायत गठन नभएको भए गठन गराउने आदि काम पनि जिल्ला पञ्चायतले गर्दछ ।

उपर्युक्त कार्यहरू बाहेक जिल्ला पञ्चायतले साना तिना झै झगडाको फैसला गरी ऐन विरुद्ध जानेलाई जरीवाना गर्नु, जिल्लाभित्रको जन्म मरण आदिको तथ्याङ्क लिनु, पर्यटकहरूको सुविधाको लागि आवश्यक प्रबन्ध गर्नु, जिल्लामा मनोरञ्जनका कार्यहरू गराउनु, यातायातको सुविधा गरिदिनु र श्री ५ को सरकारलाई विकास कार्यमा सुझाव दिनु तथा उपर्युक्त सबै काम गर्नकोलागि आफ्ना मातहतका कर्मचारीहरूलाई नियन्त्रण राख्नु आदि कामहरू पनि गर्दछ । आफ्नो जिल्लाभित्रका विभिन्न नगर वा गाउँ पञ्चायतहरूको बीचमा झगडा परेमा मिलाउने प्रयास गर्दछ ?

## प्रश्न

१. जिल्ला सभाको गठन कसरी हुन्छ र यसले के काम गर्दछ ?
२. जिल्ला पञ्चायत भनेको के हो र यसको गठन कसरी हुन्छ ?
३. जिल्ला सभाको आम्दानीका स्रोतहरू के के हुन् ?
४. जिल्ला पञ्चायतका सभापतिका कार्यहरूमध्ये मुख्य मुख्य कुनै तीनवटा कार्यको वर्णन गर।
५. जिल्ला पञ्चायतका कार्यहरूमध्ये तिमीले मुख्य ठानेका कुनै चार कार्यहरूको वर्णन गर ।
६. दुई वा दुईभन्दा बढ्ता गाउँ पञ्चायतको बीचमा झगडा पर्‍यो भने जिल्ला पञ्चायतले के गर्दछ ?

## अञ्चल सभा

नेपाल अधिराज्य जम्मा १४ अञ्चलमा विभाजित गरिएको छ र हरेक अञ्चलमा एक एक अञ्चल सभा रहन्छ । अञ्चल सभा पञ्चायती व्यवस्थाको तेस्रो तह हो ।

**अञ्चल सभाको गठन** — अञ्चल भित्रका जिल्ला पञ्चायतहरूका सबै सदस्यहरू अञ्चलस्तरीय वर्गीय र व्यावसायिक सङ्गठनका प्रतिनिधिहरू र श्री ५ को सरकारबाट मनोनीत गरिएका व्यक्तिहरू अञ्चल सभाका सदस्य हुन्छन् । अञ्चल सभाले आफूमध्येबाट गुप्त मत-दानद्वारा एक सभापति र एक उप-सभापतिको निर्वाचन गर्दछ । अञ्चल सभामा अञ्चलाधीश र अरू कुनै अञ्चलस्तरीय सरकारी कर्मचारी पनि पर्यवेक्षकको रूपमा रहन सक्तछन् । सभापति र उप-सभापतिको कार्यकाल ४ वर्षको हुन्छ । अञ्चल सभाको ठेकदारसँग हिस्सा लिएमा, अञ्चल सभाको विरुद्ध मुद्दा लडेमा, आफू बसेको ठाउँ अञ्चल इलाकाबाट झिकिएमा वा आफैंले सो इलाका छाडेमा, जिल्ला पञ्चायतको सदस्य नरहेमा, बौलाहा वा लाटो भएमा, टाट पल्टेमा, अनैतिक सिद्ध भएमा र सरकारी कर्मचारी भएमा वा कुनै कारण नदेखाई तीन पटक सम्म लगातार सभामा उपस्थित नभएमा अञ्चल सभाका सभापति लगायत कुनै पनि सदस्य अञ्चल सभाको सदस्यबाट बञ्चित हुन्छन् ।

अञ्चल सभाको बैठकको निमित्त गणपूरक सङ्ख्या ५१ प्रतिशत सदस्यहरू भए पुग्दछ । सभाको बैठक साधारण वर्षको २ पटक बस्छ । तर सयकडा बीस सदस्यहरूले आवश्यक काम देखाई माग गरेमा सभापतिले असाधारण सभा बोलाउन सक्तछन् । सभामा कुनै निर्णय गर्दा उपस्थित सदस्यहरूको दुई तिहाई बहुमतबाट गरिन्छ । सभापतिलाई मत दिने अधिकार हुँदैन । अञ्चल सभामा सम्पूर्ण सदस्यको दुई तिहाई बहुमतले अविश्वासको प्रस्ताव पास गरेमा सभापति र उप-सभापतिलाई हटाउन सकिन्छ ।

**अञ्चल सभाको अधिकार र कर्तव्यः**— अञ्चल सभा पञ्चायती प्रजातन्त्रको तेस्रो तह भएकोले यसले गर्नु पर्ने कामहरू पनि महत्वपूर्ण छन् । ती मध्ये मुख्य मुख्य यिनै हुन्—

(१) **राष्ट्रिय पञ्चायतको लागि सदस्य पठाउने**— अञ्चल सभाले आफ्नो अञ्चल भित्रका प्रत्येक जिल्लाबाट कमसे कम एक जना प्रतिधि पर्ने गरी निर्वाचन गरेर राष्ट्रिय

पञ्चायतमा पठाउँछ । यस बाहेक राष्ट्रिय समस्याहरूमाथि छलफल गर्ने र राष्ट्रिय भावना तथा प्रजातान्त्रिक चेतना बढाउने कार्यहरू पनि गर्दछ ।

(२) **बिभिन्न पञ्चायत तथा सङ्गठनहरूको बीचमा समन्वय र सामञ्जस्य कायम गर्ने**– अञ्चलभित्रका ठूलठूला विकास कार्यमा विभिन्न पञ्चायत, वर्गीय सङ्गठन तथा श्री ५ को सरकारको कार्यालयहरूको बीचमा समन्वय र सामञ्जस्य कायम गरी अञ्चलको विकास गर्नु अञ्चल सभाको दोस्रो मुख्य काम हो। यस बाहेक जिल्ला पञ्चायतहरूको कामको रेखदेख गरी जनताको हितकोलागि अनेकौं योजनाहरू पनि सञ्चालन गर्दछ।

(३) **बिविध**— उपर्युक्त कार्यको अतिरिक्त अञ्चल सभाले आफ्नो अञ्चल भित्रको राजनैतिक, आर्थिक र सामाजिक गतिविधिहरूको अध्ययनगरी यसबारे आफ्नो सुझाव श्री ५ को सरकारमा पेश गर्दछ र साथै विभिन्न पञ्चायत तथा वर्गीय सङ्गठनहरूको कार्यको प्रगति आदि पनि पेश गर्दछ । यसको साथै आफ्नो अञ्चलभित्र राष्ट्रभाषा र संस्कृतिको विकास गरी राष्ट्रिय चरित्रको निर्माण गराउने र साझा भावना तथा सहकारिताको महत्व बढाउने काम पनि अञ्चल सभाले गर्दछ ।

## अञ्चल समिति

नेपालको संविधानको पहिलो संशोधन अनुसार धारा ८६ ( ख ) बमोजिम हरेक अञ्चलमा एक एक अञ्चल समिति रहेको छ । यसको सभापति अञ्चलाधीश हुन्छन् र अञ्चल सभाका सभापति पदेन उप–सभापति हुन्छन् । अञ्चलस्तरीय वर्गीय र व्यावसायिक सङ्गठनका सभापतिहरू तथा श्री ५ बाट मनोनीत बढीमा ५ जना हृदस्यहरू रहन्छन् । मनोनीत सदस्यहरूको कार्यकाल २ वर्षको हुन्छ र अरू सदस्यहरूको कार्यकाल आफ्नो पद रहेसम्म रहन्छ ।


**अञ्चल समितिको अधिकार र कर्तव्य**– अञ्चल समितिको सबभन्दा मुख्य काम अञ्चलाधीशको कार्य सम्पादनमा चाहिंदो सल्लाह र सुझाव दिनु हो । अञ्चलाधीशको सल्लाहकारको रूपमा रही अञ्चलभित्र शान्ति सुरक्षा राख्नु र विकास कार्यमा सहयोग पुर्‍याउनुमा यस समितिको ठूलो जिम्मेदारी छ । यस समितिमा पञ्चायत र विभिन्न सङ्गठनका प्रमुख कार्यकारीहरू रहने हुनाले अञ्चल भित्रको सबै गतिविधि र समस्यामा छिटो–छिटो बुझ-बुझारथ गरी कामको निर्णय गर्न अञ्चलाधीशलाई अति सजिलो हुन्छ । तर समितिको कार्यक्रम सुचारुरुपले सञ्चालन गर्न सक्नु वा नसक्नु अञ्चलाधीशको योग्यतामा निर्भर रहन्छ ।

### प्रश्न

१. अञ्चल सभाको गठन कसरी हुन्छ ?
२. अञ्चल सभाका मुख्य-मुख्य कुनै तीन कार्यहरूको वर्णन गर ।
३. अञ्चल समिति भनेको के हो ? यसको सभापति को हुन्छ ?
४. अञ्चल समितिमा को को सदस्य हुन्छन् ?
५. अञ्चल समितिका कार्यहरू के के हुन् ?
६. अञ्चल समितिको कार्यलाई सुचारुरुपले सञ्चालन गर्न कसको योग्यतामा निर्भर रहन्छ र किन ?

## राष्ट्रिय पञ्चायत

राष्ट्रिय पञ्चायत पञ्चायती प्रजातन्त्रको सर्वोच्च व्यवस्थापिका हो । पञ्चायती प्रजातन्त्रको चार तहमध्ये राष्ट्रिय पञ्चायत सबभन्दा उच्च तहको पञ्चायत हो। यो राष्ट्रिय पञ्चायत एक सदनात्मक व्यवस्थापिका हो । बेलायत, भारत, आदि देशको जस्तो यसमा दुई सदनको व्यवस्था गरिएको छैन । एक सदनात्मक भएता पनि यसको कार्यविधि सबै प्रजातान्त्रिक ढाँचाको छ ।




**राष्ट्रिय पञ्चायतको गठन** – राष्ट्रिय पञ्चायतमा जम्मा १२५ सदस्य हुन्छन् । त्यसमध्ये विभिन्न १४ अञ्चल सभाबाट निर्वाचित सदस्य ९० जना, विभिन्न वर्गीय तथा व्यावसायिक सङ्गठनबाट १५ जना, स्नातकक्षेत्रबाट निर्वाचित ४ जना र श्री ५ बाट मनोनीत सदस्य १६ जना हुन्छन् ।

(क) अञ्चल सभाबाट निर्वाचित हुने ९० जना सदस्यहरू यस प्रकार छन्:—

| | | | |
|---|---|---|---|
| (१) मेचीबाट :— | ४ जना | (२) कोसीबाट :— | ५ जना |
| (३) सगरमाथाबाट :— | १० जना | (४) जनकपुरबाट :— | ९ जना |
| (५) वाग्मतीबाट :— | ११ जना | (६) नारायणीबाट:— | ६ जना |
| (७) गण्डकीबाट :— | ९ जना | (८) धवलागिरीबाट :— | ४ जना |
| (९) लुम्बिनीबाट :— | ८ जना | (१०) कर्णालीबाट :— | ४ जना |
| (११) राप्तीबाट :— | ६ जना | (१२) भेरीबाट :— | ५ जना |
| (१३) सेतीबाट :— | ५ जना | (१४) महाकालीबाट :— | ४ जना |

उपर्युक्त सदस्यहरूको चुनाव गर्दा प्रत्येक अञ्चल सभाले प्रत्येक जिल्लाबाट कमसे कम एक जना सदस्य पर्नेगरी आफना सदस्यहरू मध्येबाट गुप्त मतदानद्वारा निर्वाचित गर्दछ।

(ख) वर्गीय तथा व्यावसायिक सङ्गठनबाट निर्बाचित भै आएका १५ जना दसस्यहरू यस प्रकार छन् :—

(१) नेपाल किसान सङ्गठनबाट :— ४ जना
(२) नेपाल युवक सङ्गठनबाट :— ४ जना
(३) नेपाल महिला सङ्गठनबाट :— ३ जना
(४) नेपाल मजदूर सङ्गठनबाट :— २ जना
(५) भूतपूर्व सैनिक सङ्गठनबाट :— २ जना

(ग) स्नातकहरू मध्येबाट निर्वाचित :— ४ जना

(घ) श्री ५ बाट मनोनीत भएका :— १६ जना

उपर्युक्त अञ्चल सभाबाट निर्वाचित सदस्यहरूको पदको अवधि ६ वर्षको हुन्छ । पहिलो पटक गोला प्रथाद्वारा २, ४, र ६ वर्षसम्म रहने सदस्यहरूको निर्णय गरिन्छ । प्रत्येक दुई वर्षमा एक तिहाई अर्थात् ३० सदस्यहरूको स्थान रिक्त हुन्छ र तिनीहरूको ठाउँमा नयाँ सदस्यहरू निर्वाचित हुन्छन् । वर्गीय सङ्गठन र स्नातकहरूबाट निर्वाचित सदस्यहरू तथा श्री ५ बाट मनोनीत भएका सदस्यहरूको अवधि ४ वर्षको हुन्छ ।

राष्ट्रिय पञ्चायतको सदस्य हुनलाई २५ वर्ष पुगेको नेपाली नागरिक हुनु पर्दछ । श्री ५ को सरकारको कर्मचारी हुनु हुँदैन । त्यस्तै कुनै ऐनले अयोग्य नभएको र एकपटक राष्ट्रिय पञ्चायतको सदस्य भै पद अनुसार आचरण नगरेर निष्कासित भएको हुनु हुँदैन ।

राष्ट्रिय पञ्चायतका कुनै सदस्यको मृत्युभएमा, राजीनामा दिएमा, पदको अवधि समाप्त भएमा, विना स्वीकृतिले बैठकमा ३ महीनासम्म उपस्थित नभएमा र राष्ट्रिय पञ्चायतको गोपनीयता भङ्ग गरेमा वा आफ्नो पद अनुसारको आचरण नगरेमा राष्ट्रिय पञ्चायतको कुनै पनि सदस्य राष्ट्रिय पञ्चायतको सदस्य हुँदैन र यिनीहरूको रिक्त स्थान यथाशीघ्र पूर्ति गरिन्छ।

राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य सङ्ख्याको एक तिहाई अर्थात् ४२ जना उपस्थितभएमा राष्ट्रिय पञ्चायतको बैठक बस्न सक्तछ । कुनै कुराको छलफल गर्दा बराबर मत भएमा अध्यक्षले

आफ्नो निर्णायक मत दिई वहुमत तुल्याउन सक्तछन् । सदस्यहरूले छलफलमा भागलिनुभन्दा अघि अध्यक्षको अगाडि शपथ ग्रहण गर्नु पर्दछ । प्रत्येक सदस्यले मासिक तलव, घरभाडा र बैठकमा भाग लिएको दिनमा भत्तासमेत पाउँदछन् ।

**राष्ट्रिय पञ्चायतको अध्यक्ष तथा उपाध्यक्ष**–– राष्ट्रिय पञ्चायतको सिफारिशमा राष्ट्रिय पञ्चायतका सदस्यमध्येबाट श्री ५ बाट राष्ट्रिय पञ्चायतको अध्यक्ष नियुक्ति गरिबक्सिन्छ। अध्यक्षको पदको अवधि २ वर्षको हुन्छ र फेरि पनि नियुक्ति हुन सक्तछन् । राष्ट्रिय पञ्चायतका सदस्यहरूले आफूमध्येबाट १ जना उपाध्यक्ष निर्वाचित गर्दछन् । निजको अवधि पनि २ वर्षको र फेरि पनि चुनिन सक्तछन् । राजीनामा गरेमा, राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा वा अवधि समाप्त भएमा अध्यक्ष र उपाध्यक्षको पद खाली हुन्छ ।

**अध्यक्षको अधिकार र कर्तव्य**–– राष्ट्रिय पञ्चायतका अध्यक्षका कार्यहरू धेरै छन् । राष्ट्रिय पञ्चायतको अधिवेशनको निमित्त श्री ५ बाट बक्सेको आदेश सुनाउने, बैठक बस्ने र समाप्त हुने घोषणा गर्ने, सदस्यहरूको स्थान निर्धारित गर्ने, शाही सम्बोधन तथा सन्देशहरूमाथि छलफल गर्नको निमित्त कारवाही गर्ने, विधेयकहरूको निर्धारण गरी प्रस्तुतगर्न अनुमति दिने, आवश्यक सूचना र कागजपत्र सदस्यकहाँ पठाउने, बैठकमा सुव्यवस्था र अनुशासन कायम राख्ने र छलफल हुँदा बोल्ने समयको अवधि तोक्ने तथा बैठकमा पास भएका विधेयकहरूलाई श्री ५ को स्वीकृतिको निमित्त पेश गर्ने आदि धेरै कामहरू राष्ट्रिय पञ्चायतका अध्यक्षले गर्नु पर्दछ। अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नु पर्ने सबै काम उपाध्यक्षले गर्नु पर्दछ ।

**निर्देशक समिति**–– राष्ट्रिय पञ्चायतका अध्यक्षलाई कार्यसम्पादनमा सल्लाह दिन २१ जनाको एक निर्देशन समिति रहन्छ, त्यसको अध्यक्षता राष्ट्रिय पञ्चायतका अध्यक्षले गर्दछन् । श्री ५ को सरकारका केही मन्त्रीहरू र राष्ट्रिय पञ्चायतबाट निर्वाचित सदस्यहरू यसका सदस्य हुन्छन् । निर्देशन समितिले राष्ट्रिय पञ्चायतमा पेश हुने सबै विषयमा अध्यक्षलाई सल्लाह दिने, पेश भएका विधेयकका दफाहरूमा विचारगरी राय दिने, श्री ५ बाट चाहिबक्सेको समयमा परामर्श टक्र्याउने, शाही घोषणाको मस्यौदामाथि छवफल गरी सुझाव पेश गर्ने आदि कामहरू गर्दछ।

**अन्य समितिहरू**––जनप्रतिनिधिहरूलाई शासनको विभिन्न क्षेत्रमा शरीक गराउने उद्देश्यले राष्ट्रिय पञ्चायतमा अरू पाँच किसिमका समितिहरू पनि हुन्छन् । तिनीहरू यिनै हुन ––

१. पञ्चायत समति
२. आर्थिक समिति
३. सामाजिक समिति
४. प्रशासन समिति
५. कृषि तथा भूमिसुधार समिति

यी समितिहरूमा सम्बन्धित मन्त्री लगायत २० देखि २५ जनासम्म सदस्य रहन्छन् । उपरोक्त समितिहरूले राष्ट्रिय पञ्चायतद्वारा स्वीकृत नियम कानून अनुसार श्री ५ को सरकारले पञ्चायती व्यवस्थाको भावना अनुरुपले कार्यसञ्चालन गरेको छ छैन इत्यादि कामहरूको विचार गर्दछन् ।

नियम र कानून लागू गराउने काम गर्दछ। [illegible] अनुसार
न्यायपालिका - कुनै पनि बेला न्याय दिने।

राष्ट्रिय पञ्चायतले उपरोक्त समितिहरू बाहेक आय व्ययको हिसाब गर्न र बजेट तयार गर्नको लागि सार्वजनिक लेखा समिति तथा अनुमान समितिको पनि गठन गर्दछ ।

यस बाहेक राष्ट्रिय पञ्चायतमा सदस्य तथा कुनै समितिको विशेष अधिकार कतैबाट हनन भएमा छानबीन गर्नकोलागि राष्ट्रिय पञ्चायतका अध्यक्षले विशेष अधिकार समिति गठन गर्न सक्तछन् ।

**राष्ट्रिय पञ्चायतको सचिव—** राष्ट्रिय पञ्चायतमा श्री ५ बाट नियुक्त गरिबक्सेको एक जना सचिव रहन्छन् । सचिवले सदस्यहरूलाई राष्ट्रिय पञ्चायतको बैठक बसेको र अन्त भएको सूचना दिन्छन् । यस वाहेक सदस्यहरूको हाजिर गर्ने, बैठकको कार्यक्रम तयार पार्ने र बैठकको कार्यवाही हेर्न आउने मानिसहरूलाई अनुमतिपत्र दिने इत्यादि कामहरू पनि सचिवले गर्दछन् ।

**राष्ट्रिय पञ्चायतको अधिवेशन—** राष्ट्रिय पञ्चायतको एक अधिवेशन समाप्त भएको ६ महीना भित्रमा श्री ५ बाट अर्को अधिवेशन बोलाइबक्सिन्छ। तर आवश्यक परेको संझिबक्सेमा बीचमा पनि बैठक बोलाउन सकिबक्सिन्छ ।

**राष्ट्रिय पञ्चायतमा सम्बोधन—** हरेक वर्षको पहिलो अधिवेशनको शुरुमा श्री ५ बाट राष्ट्रिय पञ्चायतलाई उद्घाटन भाषण बक्सिन्छ । यस भाषणमा श्री ५ को सरकारको घरेलु तथा विदेशी नीति बारे चर्चा हुन्छ । श्री ५ बाट राष्ट्रिय पञ्चायतलाई जुनसुकै समयमा पनि सन्देश पठाउन सकिबक्सिन्छ । राष्ट्रिय पञ्चायतले पनि सदस्यहरूको बहुमतबाट प्राप्त भएको प्रस्ताव अनुसार श्री ५ को हजूरमा सम्बोधन चडाउन सक्तछ ।

पञ्चायत प्रणालीको एक विशेषता राष्ट्रिय पञ्चायतको बैठक वा त्यसका अरू समितिको बैठक खुला रुपमा नहुनु पनि हो । अर्थात् जसले पायो त्यसले बैठक भित्र गई त्यहाँ छलफल भएका कुराहरू सुन्न पाउँदैन । देशलाई खराब किसिमको प्रभावबाट बचाउनलाई यो व्यवस्था गरिएको हो । तर पनि राष्ट्रिय पञ्चायतको बैठकको काम कारवाहीको संक्षिप्त विवरण सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित हुन्छ ।

**राष्ट्रिय पञ्चायतको बहसमा बन्देज—** (१) राष्ट्रिय पञ्चायतमा श्री ५ महाराजाधिराज, श्री ५ वडा महारानी, राजगद्दीका उत्तराधिकारीहरूको आचरण सम्बन्धमा कुनै छलफल गर्न पाइँदैन । तर श्री ५ को सरकारको आलोचना गर्नु परयो भने सो गर्न बाधा छैन ।

(२) कुनै न्यायाधीशले आपनो कर्तव्यको पालन गर्दा गरेको कुनै कार्यबारे छलफल गर्न पाइँदैन ।

(३) नेपालको कुनै अदालतले विचाराधीन राखेको कुनै मुद्दा सम्बन्धी कुरामा राष्ट्रिय पञ्चायतले छलफल गर्न पाउँदैन ।

**राष्ट्रिय पञ्चायतको विशेष अधिकार—** राष्ट्रिय पञ्चायतभित्र सदस्यहरूलाई पूरा बोल्ने अधिकार दिइएको छ । राष्ट्रिय पञ्चायतको अधिवेशनको समयभित्र कुनै पनि सदस्यलाई फौजदारी मुद्दामा बाहेक समात्न वा थुन्न पाइँदैन । कसैले राष्ट्रिय पञ्चायतको विशेष अधिकारको उल्लङ्घन गरेमा त्यो व्यक्ति सजायँको भागी हुन्छ ।

**राष्ट्रिय पञ्चायतको कार्य**–– राष्ट्रिय पञ्चायत नेपालको एक मात्र सर्वोच्च व्यवस्थापिका सभा भएकोले यसका कार्यहरू अति महत्वका छन् । ती कार्यहरू यिनै हुन्ः–

(१) **विधि निर्माण कार्य** – नियम कानून बनाउनु राष्ट्रिय पञ्चायतको सबभन्दा ठूलो काम हो । यसले देश, परिस्थिति र काल अनुसार जनहितका लागि कानून बनाउँछ । यसको निर्णय विना कुनै पनि ऐन बन्न सक्दैन । राष्ट्रिय पञ्चायतले पारित गरेको कुनै # विधेयक श्री ५ को स्वीकृति पाएपछि कानून बन्दछ । राष्ट्रिय पञ्चायतले आर्थिक, फौजी र मौलिक अधिकारमा प्रतिबन्ध लगाउने विषयको विधेयकमा छलफल गर्न पाउँदैन । अरू कुनै पनि विषयमाथि छलफल गर्न सक्तछ ।

कुनै विधेयक राष्ट्रिय पञ्चायतमा पेश भएमा त्यसको आवश्यकता हेरेर अध्यक्षले सदनमा परिचय गराउँछन्, यसलाई प्रथम वाचन भन्दछन् । प्रथम वाचनमा विधेयक पासगर्न आवश्यक देखिएमा त्यसबारे छलफल गर्न एक समिति बनाइन्छ । त्यसलाई प्रवर समिति भन्दछन् । त्यस समितिले पेश गरेको प्रतिवेदन सदनमा पढिन्छ, त्यसलाई द्वितीयवाचन भन्दछन् । यसबेला विस्तृत छलफल गरिन्छ र निर्देशन समितिमा पठाइन्छ । यस समितिले प्रत्येक बूँदाबूँदामा छलफल गरी प्रतिवेदन तयार पारेर सदनमा पेश गर्दछ । यो प्रतिवेदन सदनमा पढिएपछि तृतीय वाचन हुन्छ । त्यसपछि सदनले सो विधेयकमा फेरि छलफल गरी पारित गर्ने या नगर्ने निर्णय गर्दछ । यदि सो विधेयक सदनले पारित गर्‍यो भने श्री ५ को स्वीकृतिको लागि पठाइन्छ ; श्री ५ को स्वीकृति भएपछि मात्र सो विधेयक कानून बन्दछ ।

(२) **न्यायिक कार्य** – सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा अन्य न्यायाधीशहरू कुनै अयोग्य तथा भ्रष्टाचारी भै आफ्नो कार्यभार सम्हाल्न असमर्थ भएका छन् भन्ने लागेमा त्यस्ता न्यायाधीशलाई पदच्यूत गर्न राष्ट्रिय पञ्चायतले श्री ५ को समक्ष सम्बोधन पेश गर्न सक्तछ । श्री ५ बाट जांचबुझका लागि एउटा आयोग गठन गरिबक्सी आयोगले अपराध प्रमाणित गरेमा श्री ५ बाट सो न्यायाधीशलाई हटाइबक्सिनेछ ।

(३) **आर्थिक कार्य**–राष्ट्रिय पञ्चायतको अर्को मुख्य काम देशको आय व्ययको निर्धारण गरी बजेट पारितगर्नु हो । राष्ट्रिय पञ्चायतको स्वीकृति विना एक पैसा पनि सरकारले कर उठाउन र खर्च गर्न पनि सक्तैन । प्रत्येक बर्ष कुनै विषयमा कर लगाउने र घटाउने, सरकारको आर्थिक श्रोत कसरी बढाउने आदि अर्थ सम्बन्धी कुरामा राष्ट्रिय पञ्चायतले निर्णय गर्दछ ।

(४) **निर्वाचन कार्य** – राष्ट्रिय पञ्चायले आफ्नो अध्यक्ष र विभिन्न समितिका सदस्यहरू निर्वाचनगर्ने काम पनि गर्दछ ।

(५) **कार्यकारीणीमाथि नियन्त्रणराख्ने काम**– मन्त्री–परिषदले आफ्नो काममा वास्ता नगरी देशलाई बाधा पर्ने काम गर्न लागेमा समय समयमा सङ्केत गरी राष्ट्रिय पञ्चायतले मन्त्री-परिषदलाई आफ्नो नियन्त्रणमा राख्तछ ।

---

# कुनै ऐन पास गराउनको लागि रा.प.मा पेश भएको प्रस्ताव ।

**राष्ट्रिय पञ्चायतको विशेषता**—(१) राष्ट्रिय पञ्चायत एक सदनात्मक व्यवस्थापिका हो । राष्ट्रिय पञ्चायतमा अञ्चल सभाहरूबाट निर्वाचित भई आउने जनप्रतिनिधिहरू बाहेक विभिन्न वर्गीय सङ्गठन, स्नातक प्रतिनिधि तथा मनोनीत सदस्यहरू समेत भएकोले देशका प्रायः सम्पूर्ण पक्षको प्रतिनिधित्व भएको छ । त्यस कारण अन्य देशहरूको जस्तै दुई सदनात्मक व्यवस्था गरिएको छैन । किनकि दुई सदनात्मक व्यवस्थामा प्रायः सङ्घर्ष र तानातानी भैरहन्छ र विधेयक पास गर्नमा ढिलाई हुन्छ ।

(२) **स्थाई व्यवस्था** — राष्ट्रिय पञ्चायत एक स्थायी व्यवस्थापिका सभा हो । यसका सदस्यहरू कहिल्यै पनि एकै पटक खाली हुँदैनन् ।

(३) **गोपनीयता** — राष्ट्रिय पञ्चायतलाई अनावश्यक वाहिरी प्रभाव पार्न नदिन र सदस्यहरूको व्यक्तिगत स्वार्थलाई रोकेर अवाञ्छनीय तत्वबाट बचाउन राष्ट्रिय पञ्चायतभित्र भएका कुराहरूलाई गोप्य राख्ने प्रबन्ध गरिएको छ । त्यसैले राष्ट्रिय पञ्चायतको बैठक खुला रुपमा हुँदैन तापनि बैठकको कारवाहीको संक्षिप्त विवरण सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिन्छ र पञ्च तथा वर्गीय सङ्गठनका पदाधिकारीहरूलाई प्रवेश गर्न दिइन्छ ।

(४) **दलविहीन सदन** — पञ्चायती प्रजातन्त्र नै दलविहीन भएकोले राष्ट्रिय पञ्चायतमा विरोधी दलको स्थान हुँदैन । तर कुनै विधेयकमा छलफल हुँदा देशको हितलाई ख्यालमा राखेर बहुमतले निर्णय गरिन्छ । यस्तो भएकोले कुनै दल विशेषलाई मात्र फाइदा नभै सम्पूर्ण जनताको नै हित हुन जान्छ ।

0328

**प्रश्न**

१. राष्ट्रिय पञ्चायतमा जम्मा कति सदस्य हुन्छन् र यसको गठन कसरी हुन्छ ?
२. राष्ट्रिय पञ्चायतका सदस्यहरूको अवधि कति वर्षको हुन्छ ?
३. राष्ट्रिय पञ्चायतको सदस्य हुनलाई कस्तो योग्यता चाहिन्छ ?
४. राष्ट्रिय पञ्चायतका सदस्यले पाउने पारिश्रमिक र अन्य सुविधाहरू के के हुन् ?
५. राष्ट्रिय पञ्चायतका अध्यक्ष र उपाध्यक्षको निर्वाचन कसरी हुन्छ ?
६. राष्ट्रिय पञ्चायतमा अध्यक्षका मुख्य–मुख्य कामहरू के के हुन् ?
७. राष्ट्रिय पञ्चायतमा कुन-कुन कुराहरूको बहस गर्न मनाही छ ?
८. निर्देशक समिति भनेको के हो ? यसको गठन र कार्यहरूको विवरण छोटकरीमा देऊ ।
९. राष्ट्रिय पञ्चायतका अरू समितिहरूको नाम र काम बताऊ ?
१०. कुनै बिधेयक कसरी कानून बन्दछ ?
११. एक सदनात्मक व्यवस्थापिका भनेको के हो ?
१२. राष्ट्रिय पञ्चायतका मुख्य-मुख्य कार्यहरूमध्ये कुनै तीन कार्यको वर्णन गर ?
१३. राष्ट्रिय पञ्चायतका विशेष अधिकारहरू के के हुन् ?
१४. राष्ट्रिय पञ्चायतको विशेषता के के छन् ?

# राष्ट्रियताका प्रतीक

हाम्रो देशमा राष्ट्रियताको वृद्धि गरी सार्वभौमिकताको रक्षा गराउने काममा राष्ट्रियताका प्रतीक श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाह, राष्ट्रपिता श्री ५ त्रिभुवन र राष्ट्रनायक श्री ५ महेन्द्रको ठूलो देन छ ।

## राष्ट्रनिर्माता श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाह

पृथ्वीनारायण शाहको उदय हुनुभन्दा अगाडि नेपालको राजनैतिक अवस्था ज्यादै बिग्रेको थियो। आपस आपसको कलहले गर्दा टुक्रा-टुक्रा भएका उपत्यकाका विभिन्न राज्यहरू र उपत्यका बाहिरका बाईसे चौबीसे राज्यहरू समेत अति कमजोर भएकाले हाम्रो देशमा विदेशीहरूले आँखा गाडेका थिए । यस्तो परिस्थितिमा श्री ५ पृथ्वीनारायण शाहबाट नेपाललाई एकीकरण गरी एक सुसंपन्न राष्ट्रको रुपमा खडा गरिबक्स्यो र नेपालको राष्ट्रियता तथा सार्वभौमिकतालाई जोगाइबक्स्यो ।



पृथ्वीनारायण शाहले सारा नेपाल राज्यलाई चार वर्ण छत्तीस जातको फूलबारी मानी सबैलाई मिलाई सबै जातका मानिसलाई हामी नेपाली हौं भन्ने उच्च भावना जगाई विभिन्न किसिमका जात पेशा भएका मानिसलाई सर्वप्रथम राष्ट्रियताको पाठ सिकाइबक्स्यो । देशको व्यापार नेपालीकै हातमा राखी बिदेशी महाजनहरूलाई देशभित्र हुल्न नदिई देशको धन बाहिर जानबाट रक्षा गरिबक्स्यो र साथै आफ्नो देशको संस्कृति तथा राष्ट्रियतालाई रक्षागर्न अनेकौं नियमहरू बाँधिबक्स्यो ।

हाम्रो नेपाल दुई ढुङ्गाको बीचको तरूल जस्तो छ भनी छिमेकका दुई महान् देशसँग मित्रता गरी आफ्नो देशको सार्वभौमिकतालाई अक्षूण्ण राखी नेपाललाई एक सुसङ्गठित राज्यमा परिणत गरिबक्स्यो । यी सबै कारणले गर्दा श्री ५ बडामहाराधिराज पृथ्वीनारायण शाह नेपाल राष्ट्रका निर्माता तथा राष्ट्रियताका प्रतीक होइबस्निछ ।

## राष्ट्रपिता श्री ५ त्रिभुवन

नेपाल देशलाई उज्वल तुल्याउने शाहवंशका उज्वल ताराहरूमध्ये राष्ट्रपिता श्री ५



त्रिभुवन एक होइबक्सिन्छ । मौसूफलाई त्यस बखतका शासक राणाहरूले आफ्नो नियन्त्रमा राखी कुनै किसिमको स्वतन्त्रता नदिई, दरवार भित्रै मात्र सीमित गराई, शिक्षा दीक्षा समेत नदिई, केवल सुखभोगमा मात्र डुबाइराख्न खोजेता पनि आफ्ना प्यारा प्रजाको हितको लागि र देशको स्वतन्त्रता जोगाउनको लागि आफ्नो जिउज्यान तथा राजगद्दी-लाई समेत खतरामा पारी अनेकौं सङ्कष्ट भोगेर आखिर २००७ सालमा मौसूफबाट देशमा प्रजातन्त्र ल्याइबक्स्यो । श्री ५ त्रिभुवनबाट यति नगरिबक्सेको भए आज देशको विकास कदापि हुने थिएन र देशको अवस्था झनझन् बिग्रँदै जाने थियो ।

यसरी देशमा प्रजातन्त्र आएपछि जनतामा ठूलो राष्ट्रिय भावना आएको छ । आज नेपालको सम्पूर्ण जनतामा सबै आफूलाई नेपाली हूँ भन्नमा गर्व गर्दछन् । यस प्रकार श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहले जग हाली निर्माण गरेको हाम्रो देश नेपालमा श्री ५ त्रिभुवनले प्रजातन्त्र ल्याएर राष्ट्रियताको भावना बढाई उन्नतिको जग हालिबक्स्यो ।

## राष्ट्रनायक श्री ५ महेन्द्र

नेपालको राष्ट्रियता तथा सार्वभौमिकताको रक्षा गरी देशको सर्वाङ्गीण विकास गराउने काममा श्री ५ महेन्द्रको सबभन्दा ठूलो देन छ । नेपालमा प्रजातन्त्र ल्याइबक्सेता पनि श्री ५ त्रिभुवनबाट देशको चौतर्फी विकास गर्ने समय पाइबक्सेन । प्रजातन्त्र आयो, तर १०४ वर्षसम्म राणाहरूले विभिन्न किसिमबाट शोषण गरिराखेकोले देशमा कुनै विकासको काम भएको थिएन । देशमा राजनैतिक अस्थिरता छँदैथियो, त्यसमाथि पनि देशको आर्थिक तथा सामाजिक अवस्था समेत ज्यादै खराब थियो । यस्तो अवस्थामा श्री ५ महेन्द्रबाट दृढताका साथै पञ्चायती प्रणालीद्वारा देशलाई उन्नतिको मार्गमा लम्काइबक्स्यो ।



प्रजातन्त्र देशमा देशको शासनभार प्रजालाई नै सुम्पनु पर्दछ भन्ने ठानी २०१५ सालमा आम चुनाव गराई बहुमत ल्याउने नेपाली कांङ्ग्रेस दलका नेतालाई सरकार गठन गर्न दिई देशको शासनभार सुम्पिबक्स्यो । यसो भएपछि देशको विकास चाँडो हुन्छ भन्ने कुरा राजा प्रजा सबैले ठानेका थिए । तर अफसोस दलगत स्वार्थमा लागि कांङ्ग्रेस सरकारले देशको विकास गरी जनताको हित गर्ने काम केही गरेन । यस्तो भएकोले श्री ५ महेन्द्रबाट २०१७ साल पौष १ गते कांङ्ग्रेस सरकारलाई विघटन गरी सोही महीनाको २२ गतेदेखि देशमा पञ्चायती व्यवस्थाको सूत्रबाट गरिबक्स्यो । अनि सारा जनताले सूखको सास फेरे ।

आज पञ्चायती प्रजातन्त्रको स्थापना भएको १३ वर्ष पुगी १४ वर्ष लाग्यो । यस अवधि भित्र देशमा अनेकौं सुधारहरू भए । भूमिसुधार, कृषि सुधार, मुलुकी ऐन, विभिन्न उद्योगहरूको स्थापना, ठूलठूला राजमार्गको निर्माण आदि कार्यहरूले गर्दा नेपालको आर्थिक तथा सामाजिक अवस्थामा ठूलो सुधार ल्याई श्री ५ महेन्द्रबाट देशमा शोषणरहित कल्याणकारी राज्यको स्थापना गरिबक्स्यो । मौसूफको असंलग्न परराष्ट्र नीतिले गर्दा विश्वभरी नै नेपालको इज्जत बढेको छ । यी सबै कुराहरू हुनु श्री ५ महेन्द्रकै देन हो ।

यस प्रकार श्री ५ पृथ्वीनारायणशाहले निर्माण गरेको तथा श्री ५ त्रिभुवनले प्रजातन्त्र ल्याई उन्नतिको जग हालेको नेपाल देशलाई श्री ५ महेन्द्रबाट पञ्चायत प्रजातन्त्रद्वारा फलाई फुलाई सुसम्पन्न पारिबक्स्यो । श्री ५ महेन्द्र यही २०२८ साल माघ १७ गतेका दिन स्वर्गारोहण भैबक्सेता पनि मौसूफबाट देश तथा नेपालीहरूको निमित्त गरिबक्सेको कार्यहरू नेपालको इतिहासमा अमर भएर रहने छन् । यसैले हाम्रो राष्ट्रियताका प्रतीक राष्ट्रनायक श्री ५ महेन्द्र प्रति समस्त नेपालीहरू आभारी छन् ।

**प्रश्न**

१. श्री ५ पृथ्वीनारायण शाहले नेपालको राष्ट्रियता तथा सार्वभौमिकताको रक्षा गर्न गरिबक्सेको कार्यहरूमध्ये सबभन्दा मुख्य कार्य कुन ठान्दछौ ? कारण दिई लेख ।

२. श्री ५ त्रिभुवनबाट नेपाल र नेपालीको लागि के गरिबक्स्यो ?

३. नेपालको सर्वाङ्गीण विकासमा श्री ५ महेन्द्रको सबभन्दा ठूलो देन छ भन्ने कुरा दश पङ्क्तिमा लेख ।

# मन्त्री–परिषद

जुनसुकै देशको पनि शासनका तीन अङ्ग हुन्छन् । व्यवस्थापिका सभा, कार्यपालिका र न्यायापालिका । जुन सभाले हाम्रो देशको कानून तथा नियमहरू बनाउँछ त्यस सभालाई व्यवस्थापिका सभा भनिन्छ । हाम्रो देशको राष्ट्रिय पञ्चायत यस्तै व्यवस्थापिका सभा हो । व्यवस्थापिका सभाले पास गरेका ऐन कानूनहरू पालन गराउने र जनतालाई कानून अनुसार चल्न लगाउने काम कार्यपालिकाको हो । देशमा सरकारी तवरबाट जति काम हुन्छन् ती सबै यसै कार्यपालिकाद्वारा हुन्छन् । श्री ५ को सरकार सबै मन्त्रालयहरू र तिनीहरू अन्तर्गत रहेका सबै सरकारी विभाग अड्डा कार्यलय र संस्थाहरू यही कार्यपालिका भित्र पर्दछन् । व्यवस्थापिका सभाले बनाएर पास गरेका ऐन कानूनहरूलाई कार्यपालिकाले पालन गराउन कोशिश गर्दा गर्दै पनि नटेरी मानिसहरूले अनेकौं किसिमका बदमाशी र अपराधहरू गर्दछन् । यस्तो गर्ने अपराधीहरूलाई कानून अनुसारको दण्ड सजायँ तोक्ने काम न्यायपालिकाको हुन्छ । विभिन्न अदालतहरू न्यायपालिकाका अङ्ग हुन् । सबै अदालतहरूमध्ये बसबभन्दा माथिल्लो अदालत सर्वोच्च अदालत हो ।

मन्त्रीहरूको सभालाई मन्त्री–परिषद् भन्दछन् । मन्त्री–परिषद् कार्यपालिकाको अङ्ग हो । मन्त्री–परिषद्मा प्रधानमन्त्री रहने या नरहने पनि हुन्छ । मन्त्री–परिषद्को अध्यक्षता श्री ५ महाराजाधिराजबाट नै गरिबक्स्यो भने प्रधानमन्त्रीको आवश्यकता हुँदैन । तर मौसूफबाट कुनै मन्त्रीलाई मन्त्री–परिषद्को प्रधान तोकिबक्स्यो भने उही प्रधानमन्त्री हुन्छ । त्यसपछि उप–प्रधान मन्त्री पनि रहन सक्तछ । मन्त्री–परिषदमा प्रधानमन्त्री उप–प्रधानमन्त्री, मन्त्रीहरू, राज्य मन्त्रीहरू र सहायक मन्त्रीहरू रहन्छन् ।

मन्त्रीहरूले जे जति काम गर्दछन् ती सबै कार्यपालिका सम्बन्धी काम हुन् । यिनीहरूको अधिकार, उत्तरदायित्व, नियुक्ति, कार्यको अवधि, सुविधा, मन्त्रीपदमा रहन नपाउने अवस्था इत्यादि सबै कुराको व्यवस्था संविधानले गरेको छ ।

**सर्वोच्च कार्यपालिका शक्ति र श्री ५–** हाम्रो देशको संबिधान २०१९ सालमा हाम्रा प्यारा राजा श्री ५ महेन्द्रबाट देश र जनताको लागि बक्सेको हो । यस संविधान अनुसार सर्वोच्च कार्यपालिकाको शक्ति र सर्वोच्च राजसत्ता श्री ५ मा निहित छ । तर यस्तो भएता पनि संविधान अनुसार मौसूफका अधिकारहरू मन्त्रीहरूद्वारा प्रयोग गरिबक्सिन्छ ।

**श्री ५ र श्री ५ को सरकार–** श्री ५ भन्नाले राजाको व्यक्तिगत स्थिति बुझाउँछ । श्री ५ को सरकार भन्नाले प्रधान मन्त्री अर्थात् सरकार प्रमुखदेखि लिएर पिउनसम्म जति मानिसले देशको शासन प्रशासनमा भाग लिएका हुन्छन्, ती सबैको समूहलाई बुझाउँछ । एक व्यक्तिगतलाई मात्र बुझाउँदैन । श्री ५ महाराजाधिराज नेपाल अधिराज्यका नायक भइबक्सेकोले हाम्रो देशको सरकारलाई श्री ५ को सरकार भनेको हो ।

**मन्त्रीहरूको उत्तरदायित्व–** उत्तरदायित्व भनेको जबाफदेही हुनु हो । हाम्रा मन्त्रीहरू श्री ५ महाराजाधिराजप्रति उत्तरदायी हुन्छन् । किनभने उनीहरूको नियुक्ति मौसूफबाट भएको

हुन्छ । फेरि उनीहरू जनताबाट चुनिएर जनताका प्रतिनिधि भएर आएका हुनाले जनताको प्रतिनिधि सभा अर्थात् राष्ट्रिय पञ्चायतप्रति पनि उत्तरदायी हुन्छन् । श्री ५ प्रतिको उनीहरूको उत्तरदायित्व व्यक्तिगत र सामूहिक दुवै रुपले हुन्छ । तर राष्ट्रिय पञ्चायतप्रतिको उत्तरदायित्व व्यक्तिगत मात्र हुन्छ । राष्ट्रिय पञ्चायतको अधिवेशनमा अर्थात राष्ट्रिय पञ्चायतको सभा लागेको बेलामा त्यहाँका सदस्यहरूले सोधेका प्रश्नहरूको उत्तर सम्बन्धित मन्त्रीहरूले दिनै पर्दछ ।

**मन्त्रीहरूको नियुक्ति**— साधारणतः प्रधान मन्त्री, उप–प्रधानमन्त्री र मन्त्रीहरूको नियुक्ति श्री ५ महाराजाधिराजबाट राष्ट्रिय पञ्चायतका सदस्यहरू मध्येबाट गरिबक्सिन्छ । राष्ट्रिय पञ्चायतको सदस्य नभएको कुनै व्यक्ति मन्त्री पदमा नियुक्त भयो भने उसले मन्त्री भएको छ महीना भित्रैमा राष्ट्रिय पञ्चायतको सदस्य हुन सक्नु पर्दछ ।

**मन्त्री नरहने अवस्था**— कुनै मन्त्रीले दिएको राजीनामा श्री ५ बाट स्वीकृत भएमा, राष्ट्रिय पञ्चायतको सदस्यको अवधि समाप्त भएमा वा कुनै कारणले सदस्य नरहेमा, मन्त्रीपदमा मनोनीत भएको छ महीना भित्रसम्म पनि राष्ट्रिय पञ्चायतको सदस्य बन्न नसकेमा, राष्ट्रिय पञ्चायतका सबै सदस्य या उपस्थित सदस्य सङ्ख्याको दुई तिहाई बहुमतले कुनै मन्त्रीको विरुद्ध पास गरेको अविश्वासको प्रस्ताव श्री ५ बाट स्वीकृत भएमा र श्री ५ बाट हटाउन चाहिबक्सेमा कुनै मन्त्री पनि मन्त्रीपदबाट हट्न सक्छ । प्रधान मन्त्रीको अध्यक्षतामा मन्त्री–परिषद् गठन भएकोमा चाहिं प्रधान मन्त्री आफ्नो पदबाट हट्नासाथ सबै मन्त्री आफ्नो पदबाट स्वतः हट्तछन् ।

**प्रश्न**

१. शासनका मुख्य अङ्गहरू के के हुन् ?
२. व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका कामहरू के के हुन् ?
३. मन्त्री–परिषद् भनेको के हो र शासनको कुन अङ्ग भित्र यो पर्दछ ?
४. मन्त्री–परिषद्को गठन कसले गर्दछ र यसको अध्यक्ष को हुन्छ ?
५. श्री ५ र श्री ५ को सरकारमा के फरक रहन्छ ?
६. मन्त्रीहरूको उत्तरदायित्व कसमा रहन्छ ?

# श्री ५ को सरकारका मन्त्रालयहरू

मन्त्रीहरूले आफ्नो–आफ्नो पदको हैसियतले आफ्नो जिम्माको काम गर्ने कार्यालयलाई मन्त्रालय भन्दछन् । एक मन्त्रीका जिम्मामा दुई वा दुईभन्दा बढी मन्त्रालयहरू पनि हुन सक्तछन् । हरेक मन्त्रालयको आफ्नो–आफ्नो कामको छुट्टा छुट्टै अभिभारा हुन्छ । हरेक मन्त्रालयमा एक जना सचिव हुन्छन् । एक जना सचिवले एकभन्दा बढी मन्त्रालयको काम चलाउन पनि सक्तछन् र कुनै कुनै मन्त्रालयको काम सह–सचिवद्वारा पनि चलाइन्छ । मन्त्रालय अन्तर्गत विभागहरू पनि हुन्छन् । हरेक विभागको निमित्त एक वा एकभन्दा बढी निर्देशकहरू हुन्छन् । एकभन्दा बढी निर्देशक भएको विभागमा एक जना महानिर्देशक रहन्छन् । यस्तै हिसाबले मन्त्रालयहरूमा उप-सचिव, उप-निर्देशक र तीभन्दा मुनि अरू कर्मचारीहरू हुन्छन् । हाल सबै मन्त्रीका कार्यालयहरू सिंहदरबारमा रहेका छन् । देशभरको प्रशासन यहिँबाट चलाइन्छ । श्री ५ को सरकार अन्तर्गत धेरै मन्त्रालयहरू छन्, जसका नाम यिनै हुन् :–

१. गृह पञ्चायत मन्त्रालय, २. रक्षा मन्त्रालय, ३. अर्थ मन्त्रालय, ४. परराष्ट्र मन्त्रालय, ५. कानून तथा न्याय मन्त्रालय, ६. शिक्षा मन्त्रालय, ७. स्वास्थ्य मन्त्रालय, ८. उद्योग वाणिज्य मन्त्रालय, ९. कृषि तथा खाद्य मन्त्रालय, १०. भूमि सुधार मन्त्रालय, ११. वन मन्त्रालय, १२. निर्माण तथा यातायात मन्त्रालय, १३. सञ्चार मन्त्रालय, १४. जल विद्युत मन्त्रालय ।


(१) **गृह पञ्चायत मन्त्रालय–** यस मन्त्रालयले देशमा शान्ति सुरक्षा र सुव्यवस्था राख्ने काम गर्दछ । प्रहरी विभागको सहायताले देशमा अनेक किसिमका बदमाशी, भ्रष्टाचार, अत्याचार र वेथिति हुन नदिनु तथा पञ्चायत सम्बन्धी काम गर्नु यस मन्त्रालयको मुख्य काम हो ।

(२) **रक्षा मन्त्रालय–** देशलाई बाहिरी आक्रमणबाट बचाउनु यस मन्त्रालयको मुख्य काम हो । शाही सेनाका निमित्त जे जति कुराको आवश्यकता हुन्छ ती सब कुराको प्रबन्ध र व्यवस्था यसै मन्त्रालयले मिलाउँछ ।

(३) **अर्थ मन्त्रालय–** देश र देश विकासको निमित्त मन्त्रालयहरूलाई चाहिने जो जति खर्च हो, त्यो सबैको स्वीकृति यस मन्त्रालयले दिन्छ र विभिन्न मन्त्रालयहरूद्वारा देशको जे जति आम्दानी हुन्छ त्यो सबैको सङ्कलन पनि यसै मन्त्रालयले गर्दछ । श्री ५ को सरकारको आम्दानी हुने स्रोतको व्यवस्था गर्नु र सालभरको देशको आम्दानी खर्चको बजेट तयार पार्नु इत्यादि यस मन्त्रालयको काम हो ।

(४) **परराष्ट्र मन्त्रालय–** छिमेकी र अरू मित्र राष्ट्रहरूसँग हुने जुनसुकै कारवाही पनि यसै मन्त्रालयद्वारा हुन्छ । मित्र राष्ट्रहरूमा आफ्नो राजदूत पठाउने व्यवस्थागर्नु र उनीहरूबाट आएका राजदूतहरू र राजप्रतिनिधिहरूको स्वागत सम्मान गर्नु तथा मित्रराष्ट्रहरूसँग बन्द व्यापार, उद्योग धन्दा र तालीम शिक्षा आदिको निम्ति जुन प्रबन्ध मिलाउनु पर्दछ, त्यो सबै यही मन्त्रालयले मिलाउँछ । कुनै मुलकसँग शान्ति सम्झौता गर्नु परेमा पनि यसै मन्त्रालय मार्फत हुन्छ ।

# श्री ५ को सरकार


शासनका अंगहरू
कार्यकारिणी
व्यवस्थापिकासभा
राष्ट्रिय पंचायत
अञ्चल सभा १४
जिल्ला सभा-जिल्ला पञ्चायत ७५
गाउँसभा-गाउँ पञ्चायत
नगर पञ्चायत १६
मन्त्रिपरिषद
मन्त्रिपरिषद सचिवालय
न्यायपालिका
सर्वोच्च अदालत
अञ्चल अदालत १४
जिल्ला अदालत ७५
मन्त्रालयहरू
जल बिद्युत् मन्त्रालय
संचार मन्त्रालय
निर्माण तथा यातायात मन्त्रालय
बन मन्त्रालय
भूमि सुधार मन्त्रालय
कृषि तथा खाद्य मन्त्रालय
उद्योग वाणिज्य मन्त्रालय
स्वास्थ्य मन्त्रालय
शिक्षा मन्त्रालय
कानून तथा न्याय मन्त्रालय
परराष्ट्र मन्त्रालय
अर्थ मन्त्रालय
रक्षा मन्त्रालय
गृह पञ्चायत मन्त्रालय

(५) **कानून तथा न्याय मन्त्रालय–** यस मन्त्रालयले श्री ५ बाट जारी गरिबक्सेको हुकुम, सूचना, सन्देश, घोषणा र राष्ट्रिय पञ्चायतले पास गरेको विधेयकको लालमोहर लागेपछि यसलाई कानूनको रूप दिएर राजपत्र अर्थात् गजेटमा प्रकाशित गर्दछ । त्यस बाहेक ऐन कानून र अदालत सम्बन्धी जति काम र कारवाहीहरू गर्नु पर्दछ ती सबै यसै मन्त्रालयले गर्दछ ।

(६) **शिक्षा मन्त्रालय–** देशमा शिक्षाको प्रचार, प्रसार र विकास गराउने काम यस मन्त्रालयको हो । देशमा शिक्षाको प्रवन्ध र व्यवस्था मिलाई शिक्षा नीतिको निर्धारण पनि यसै मन्त्रालयले गर्दछ ।

(७) **स्वास्थ्य मन्त्रालय–** जनताको स्वास्थ्य रक्षाको लागि जुन काम गर्नु पर्दछ र जुन व्यवस्था मिलाउनु पर्दछ, त्यो सबै स्वास्थ्य मन्त्रालयले गर्दछ । देश भरिको औषधालय र अस्पतालहरूको प्रबन्ध आफ्नो विभाग र कार्यलयहरूद्वारा यसले मिलाउँछ ।

(८) **उद्योग वाणिज्य मन्त्रालय–** देशमा उद्योग धन्दा खोल्ने र आफ्नो देशभित्र र विदेशी मुलुकहरूसित समेत व्यापार गर्ने काममा जे जति कारवाही, प्रबन्ध र व्यवस्था गर्नु पर्दछ, ती सबै कुरा यस मन्त्रालयले गर्दछ ।

(९) **कृषि तथा खाद्य मन्त्रालय–** खेतीपाती तथा खाद्य सम्बन्धी जे जति कुराको प्रबन्ध मिलाउनु पर्दछ, त्यो सबै यही मन्त्रालयले मिलाउँछ । यस बाहेक बढी उपज गराउनको लागि असल मल, औजार र बीउहरू किसानहरूमा वितरण गर्नु, उनीहरूलाई कृषिको विकासको लागि चाहिंदो ऋण दिलाउनु र कृषि विषयमा तालीम दिलाउनु इत्यादि खाद्य तथा कृषि सम्बन्धी काम यस मन्त्रालयको हो ।

(१०) **भूमिसुधार मन्त्रालय–** भूमि सुधार सम्बन्धी नियम कानून भित्र रही भूमिपतिहरूको जग्गाको हदबन्दी तोक्नु, मोहियानी हक सुरक्षित गराउनु, हदभन्दा बढी हुनेको जमीन नहुनेहरूलाई वितरण गर्नु, पर्ती जग्गा आबाद गराई बसोवास गराउनु र जमीनको किसिम छुट्याई मालपोत तोक्नु आदि भूमिसुधार सम्बन्धी सबै काम यसै मन्त्रालयले गर्दछ ।

(११) **बन मन्त्रालय–** देशका बन–जङ्गलहरूको संरक्षण, नियन्त्रण र विकास आदि जे जति काम कारवाही गर्नु पर्दछ र जुन, जुन व्यवस्था मिलाउनु पर्दछ त्यो सबै यही मन्त्रालयले गर्दछ ।

(१२) **निर्माण तथा यातायात मन्त्रालय–** यस मन्त्रालयले देशभरीको बाटो, सडक, राजमार्ग र हवाईसेवा, रेल, रोपवे, हुलाक सेवा, पुल र अरू निर्माणका कामहरू जति छन्, ती सबैको व्यवस्था मिलाउने काम गर्दछ ।

(१३) **सञ्चार मन्त्रालय–** यस मन्त्रालयले श्री ५ को सरकारका योजना, नीति र विकासकार्यहरूको विषयमा सूचना, रेडियो, अखवार, पुस्तक–पुस्तिका, पर्चा, पोष्टरहरूद्वारा जनता-

लाई तत्सम्बन्धी कुरा बोध गराउँछ । टेलीफोन र आकाशवाणी सम्बन्धी काम पनि यसैले हेर्दछ ।

(१४) **जल–विद्युत मन्त्रालय–** खेतीको निमित्त चाहिने बाँध, पैन, कुलो, नहर र सार्वजनिक पोखरीहरू बनाउने, पिउने पानीको निमित्त कलधाराहरूको प्रबन्ध गर्ने र ती धाराहरू जनतामा वितरण गर्ने, बत्ती बाल्न र कल–कारखानाहरू चलाउन चाहिने विद्युत शक्ति अर्थात् बिजुली निकाल्ने इत्यादि कामको अभिभारा यस मन्त्रालयको हुन्छ ।

(१५) **मन्त्री–परिषद् सचिवालय–** यो कुनै भिन्दै मन्त्रालय होइन र मन्त्री– परिषद्को सचिवालय मात्र हो । तापनि यसको जिम्मेवारी पनि मन्त्रालय सरहकै हुन्छ । यसले विभिन्न मन्त्रालयमा समन्वय ल्याउँछ र तिनीहरूको नियन्त्रण गर्दछ । त्यस बाहेक यसले मुख्यतः मन्त्री–परिषद्को बैठक र त्यसको कार्य विधिबारेको नीति र नियमहरू बनाउँछ ।

### प्रश्न

१. श्री ५ को सरकारका हाल कति मन्त्रालयहरू छन् ?
२. तिम्रो विद्यालय कुन मन्त्रालय अन्तर्गत पर्दछ र यस मन्त्रालयले के के काम गर्दछ ?
३. श्री ५ को सरकारका मन्त्रालयहरू मध्ये कुन कुन मन्त्रालय तिमीलाई सबभन्दा महत्वको लागदछ र किन ?
४. मन्त्री–परिषद् सचिवालय पनि कुनै एक मन्त्रालय हो ? यसले के के काम गर्दछ ?

# स्थानीय प्रशासनिक अङ्गहरू

## (क) अञ्चलाधीश र अञ्चल प्रशासन

जुन बेलादेखि नेपाल अधिराज्यमा पञ्चायत व्यवस्था लागू भयो, त्यसैबेलादेखि विकास र सुबिधाको लागि देशलाई १४ अञ्चलमा बाँडिएको छ । हरेक अञ्चलमा १।१ जना अञ्चलाधीश राख्ने व्यवस्था नेपालको संविधानले गरेको छ । अञ्चलाधीशको नियुक्ति र खोसुवा श्री ५ बाट हुन्छ । अञ्चाधीशहरू धेरै अधिकार पाएका हुन्छन् र सोही अनुसार उनीहरू आफ्नो आफ्नो कर्तव्य गर्दछन् ।

अञ्चलाधीश आफ्नो अञ्चलभित्र राजप्रतिनिधिको रूपमा रहेका हुन्छन् र यिनी प्रमुख प्रशासक हुन् । आफ्नो अञ्चलभित्र शान्ति र सुव्यवस्था कायम राख्ने कामको पूरा उत्तर-दायित्व उनैमाथि हुन्छ । आफ्नो जिल्लाहरू र त्यहाँका कर्मचारीहरूको कामको रेखदेख, निरीक्षण, आदेश, निर्देशन, उर्दी, इत्यादि जो गर्नु पर्ने गरी जनताको पीर मर्का हटाउने र त्यहाँ परिआएका अरू समस्या सुल्झाउने काम अञ्चलाधीशको हुन्छ र केन्द्रीय सरकारको सबै मन्त्रालय र विभागहरू-सँग उनको सम्बन्ध रहेको हुन्छ । अञ्चलाधीशले आफ्नो अञ्चलको मातहतमा रहेका जिल्लाहरूमा जिल्ला अधिकारी, सह – अञ्चलाधीश र सहायक अञ्चलाधीशद्वारा जिल्लाहरूको कार्य सम्पादन गराउँदछन् र केन्द्रीय सरकारबाट बेला बेलामा आएका आदेश, निर्णय र निर्देशनमा आफैले वा उनीहरूद्वारा जिल्लामा लागू गराउँछन् ।

अञ्चलाधीशले अञ्चल, सभा र अञ्चलभित्रका विभिन्न तहका पञ्चायत तथा वर्गीय र व्यावसायिक सङ्गठनह का कार्यको मूल्याङ्कन गर्ने, जटिल मामलाहरू हेर्ने, उनीहरूलाई राय-सल्लाह दिने र विकास कार्यहरूमा उचित निर्देशन, सहयोग र सुविधा प्रदान गर्ने तथा प्रमुख जिल्ला अधिकारी ( सी. डी. ओ. ) को काममा नियन्त्रण राख्ने आदि काम पनि गर्दछन् । अञ्चलाधीशलाई सहयोग गर्न हरेक अञ्चलमा अञ्चल समिति हुन्छ र अञ्चलाधीशले यस समितिको अध्यक्ष भै काम गर्दछन् । श्री ५ को सरकार विभिन्न मन्त्रालयहरूका अञ्चलस्तरीय कार्यालयहरूको काममा रेखदेख गरी तिनीहरूमा सामञ्जस्य तथा समन्वय ल्याई अञ्चलको सर्वतोमुखी विकास गर्ने काम अञ्चलाधीशको हातमा निर्भर रहन्छ ।

## (ख) प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रशासन

२०२२ साल पौष १ गतेदेखि लागू भएको प्रशासन विकेन्द्रीकरण योजना अनुसार प्रत्येक जिल्लाको विकास र प्रशासन सम्बन्धी प्रायः सबै अधिकारहरू जिल्ला पञ्चायतलाई सुम्पिएको छ । यही जिल्ला पञ्चयातको प्रशासनलाई जिल्ला प्रशासन भन्दछन् । प्रमुख जिल्ला अधिकारी जिल्लाको लागि श्री ५ को सरकारको मुख्य प्रतिनिधि र जिल्लास्तरीय सबै कार्यालयका प्रमुख प्रशासक हुन् । यिनको श्री ५ को सरकारप्रति उत्तर दायित्व रहन्छ । तर अञ्चलाधीशबाट सुम्पिएका काममा भने अञ्चलाधीशप्रति नै उत्तरदायित्व रहन्छ । प्रमुख जिल्ला अधिकारी श्री ५ को सरकारको राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत हुन्छन् ।

श्री ५ को सरकारको जिल्लास्तरीय कार्यालयहरूका कामको रेखदेख र नियन्त्रण गर्नु, तिनीहरूको बीचमा आपसी समन्वय तथा सामञ्जस्य ल्याउनु र जिल्लाभित्र शान्ति सुरक्षा कायम राख्नु आदि प्रमुख जिल्ला अधिकारीका मुख्य काम हुन् । यस बाहेक श्री ५ को सरकार र सम्बन्धित अञ्चलाधिशले समय समयमा दिएको आदेश वा निर्देशनको पालन गर्नु र जिल्ला पञ्चायत तथा श्री ५ को सरकारले निर्णय गरेका कृषि, स्वास्थ्य घरेलु उद्योग तथा सहकारिताका विकास सम्बन्धी कार्यहरूलाई कार्यान्वित गर्ने काम पनि प्रमुख जिल्ला अधिकारीको हुन्छ ।

२०२७ सालसम्म प्रमुख जिल्ला अधिकारी नै जिल्ला पञ्चायतको सचिव पनि थिए । तर २०२८ साल बैशाख ५ गतेदेखि यो व्यवस्था हटाइएको छ । हाल जिल्ला पञ्चायतको सचिवको काम पञ्चायत विकास अधिकृत ( पी.डी.ओ. ) ले गर्दछन् । जिल्ला प्रमुख अधिकारीको छुट्टै कार्यालय स्थापना भएको छ । यस प्रकार जिल्लाको विकासमा प्रमुख जिल्ला अधिकारीको ठूलो जिम्मेवारी छ ।

**प्रश्न**

१. अञ्चलाधीश कसलाई भनिन्छ र उनको नियुक्ति कसबाट हुन्छ ?
२. अञ्चलाधीशका मुख्य मुख्य कार्यहरू के के हुन् ? कुनै पाँचवटा कार्यको वर्णन गर ।
३. प्रमुख जिल्ला अधिकारी को हुन् र यिनलाई कसले नियुक्त गर्दछ ?
४. प्रमुख जिल्ला अधिकारीका मुख्य मुख्य कार्यहरू के के हुन् ?

# वर्गीय तथा व्यावसायिक सङ्गठन

देशमा विभिन्न वर्गका मानिसहरू हुन्छन् । ती मानिसहरूले आफ्नो आफ्नो वर्गको हित र विकासका लागि बैधानिकरुपले गरेको सङ्गठनलाई वर्गीय सङ्गठन भन्दछन् । राष्ट्र भनेको नै विभिन्न वर्गका मानिसहरूको सामूहिक नाम हो । त्यसैले वर्गीय सङ्गठन राष्ट्रिय सङ्गठनको एक अङ्ग हो ।

**संवैधानिक वर्गीय सङ्गठनहरू**— समाजका सबै वर्ग अर्थात् सबैथरीका मानिसहरूको हित र विकास हुने मौका दिनको लागि नेपालको संबिधानले ६ थरीका मानिसहरूको सङ्गठनलाई मुख्य स्थान दिएको छ र बाल सङ्गठन बाहेक अरू सङ्गठनहरूले राष्ट्रिय पञ्चायतमा आफ्ना प्रतिनिधि पठाउन पाउने व्यवस्था गरिएको छ । जो निम्न बमोजिम छ :—

१. नेपाव युवक सङ्गठन २. नेपाल महिला सङ्गठन ३. नेपाल किसान सङ्गठन ४. नेपाल मजदूर सङ्गठन ५. नेपाल भूतपूर्व सैनिक सङ्गठन । उपरोक्त सङ्गठनहरूमध्ये नेपाल युवक सङ्गठन, नेपाल महिला सङ्गठन र नेपाल बाल सङ्गठन लाई वर्गीय सङ्गठन र नेपाल किसान सङ्गठन, नेपाल मजदूर सङ्गठन र भूतपूर्व सैनिक सङ्गठनलाई व्यावसायिक सङ्गठन भनिन्छ ।

(१) **नेपाल युवक सङ्गठन**— युवक भनेका १५ वर्षदेखि ४० वर्ष सम्मका मानिस हुन् । यिनीहरू बलिया, फुर्तिला, जाँगरिला र साहसी हुन्छन् । त्यसैले देश निर्माण र देशको विकासको काममा यिनीहरूले पूरा मद्दत गर्न सक्तछन् । तसर्थ यो सङ्गठन देशोन्नतिको निमित्त ठूलो सहायक सिद्ध हुनेछ ।

(२) **नेपाल महिला सङ्गठन**— यस सङ्गठनले नारी जातिको कल्याण र हित गर्दछ र उनीहरूको सर्वतोमुखी विकास गराउँछ । यस सङ्गठनले गाउँ गाउँका लेख पढ गर्न नजान्ने स्वास्नी-मानिसहरूलाई साक्षर तुल्याउने, सिउने, बुन्ने इत्यादि कुरामा उनीहरूलाई तालीम दिने, उनीहरूलाई पुरूष सरह अधिकार दिलाउने इत्यादि कामहरू गर्दछ ।

(३) **नेपाल किसान सङ्गठन**— नेपाल कृषि प्रधान देश भएकोले र यहाँका मानिसहरू मध्ये सयकडा नब्बे मानिसहरू किसान भएकाले यिनीहरूको एक सङ्गठन बनाइएको छ । यो सङ्गठन किसानहरूको निमित्त ठूलो सहायक बनेको छ । यसले खेतीपातीको उन्नति हुने विषयमा धेरै काम गर्दछ । यसले मोहियानी हक दिलाउने, किसानहरूलाई असल बीऊ, मल, खेतीपातीका सामानहरू दिलाउने, पानी नलाग्ने खेतहरूमा ससाना बाँध, पैन, कुलो आदि बनाउने काममा सहयोग गर्दछ ।

(४) **नेपाल मजदूर सङ्गठन**— मजदूर भनेको ज्यालामा काम गर्ने ज्यामी हो । मजदूरहरू नभैकन कुनै कल–कारखाना चल्न सक्तैन । यिनीहरूको पनि एक सङ्गठन बनेको छ । यो सङ्गठनको उद्देश्य र कार्य यस प्रकारको छ ।

(१) मजदूरहरूको काम गर्ने घण्टा तोक्नु र उचित ज्याला दिलाउने प्रबन्ध गर्नु (२) मजदूरको स्वास्थ्य राम्रो बनाउन औषधी उपचारको व्यवस्था गराउनु (३) मजदूरको परिवार

बालबच्चाको शिक्षा र स्वास्थ्यको राम्रो प्रबन्ध गराउनु । (४) कुनै मजदूर कल-कारखानामा काम गर्दा गर्दै लड्यो, हात खुट्टा भाँचियो र यस्तै कुनै भवितव्य परेर काम गर्न नसक्ने भयो भने उसको र उसका परिवारको जीवन निर्वाह गर्ने व्यवस्था गर्न बीमा, पेन्शन, क्षतिपूर्तिको रूपमा रूपियाँ दिने आदिको नियम कानून बनाउन सरकारमा अनुरोध गर्नु इत्यादि ।

(५) **नेपाल भूतपूर्व सैनिक सङ्गठन**—– भूतपूर्व सैनिक भनेका सेवामा रहेर अवकाश पाएका जवान हुन् । यिनीहरू कर्मठ, बीर र देशभक्त हुन्छन् । यस्ता मानिसहरूको सङ्गठन हुनु देशको निमित्त बहुतै हितको कुरा हो । किनभने यिनीहरूको बहादुरी देश बनाउने काममा लगाउन सकिन्छ । यस सङ्गठनको उद्देश्य यस प्रकारको छ—–

(१) भूतपूर्व सैनिकको शक्ति देश निर्माणको काममा लगाउने । (२) भूतपूर्व सैनिकका परिवारको स्वास्थ्यको रक्षा गर्ने र उनीहरूको बालबच्चामा शिक्षाको प्रबन्ध गर्ने । (३) भूतपूर्व सैनिकले पञ्चायती व्यवस्थालाई बलियो पार्ने र श्री ५ को सरकारले उठाएको काममा सहयोग गर्ने आदि ।

**वर्गीय तथा व्यावसायिक सङ्गठन**– वर्गीय तथा व्यावसायिक सङ्गठनको गठन पनि गाउँ वा नगरबाट शुरु हुन्छ । जुनसुकै वर्गीय तथा व्यावसायिक सङ्गठनमा पनि गाउँ वा नगरको जुनसुकै नेपालको योग्य नागरिक सदस्य हुन सक्तछ । तर उसले आफ्नो सङ्गठनको विधान मात्र स्वीकार गर्नु पर्दछ ।

गाउँ वा नगरका वर्गीय तथा व्यावसायिक सङ्गठनका सदस्यहरूको सभाले ७ जना सदस्य सम्मको एक कार्यकारिणी समिति चुनाउद्वारा गठन गर्दछ। यसैलाई प्रारम्भिक समिति भनिन्छ । यी मध्ये एक जना अध्यक्ष हुन्छ ।

जिल्लाभित्रका सबै नगर या गाऊँका कार्यकारिणी समितिका सदस्यहरू मिलेर जिल्ला कार्यकारिणी समितिको चुनाव गर्दछन् ।

यस्तै हरेक जिल्लाका कार्यकारिणीका सदस्यहरू मिलेर एक अञ्चल सम्मेलन गर्दछन् । यिनीहरूले अध्यक्ष सहितको एक अञ्चल कार्यकारिणी समितिको निर्वाचन गर्दछन् । यिनै अञ्चल कार्यकारिणी समितिका सदस्यहरू केन्द्रीय सङ्गठन सभाका सदस्य हुन्छन् । यिनीहरूले नै एक अध्यक्ष र १३ जना सदस्यहरू समेतको एक केन्द्रीय समितिको गठन गर्छन् । जुनसुकै वर्गीय र व्यावसायिक सङ्गठनको पनि कार्य अवधि ३ वर्षको हुन्छ ।

**केन्द्रीय सभाको काम र जिम्मेवारी**– यसले आफ्नो वर्गको सङ्गठनको उद्देश्य पूरा गर्नको लागि नीति, नियम र कार्यक्रमहरू बनाउँछ । कार्यकारिणी समितिका कामहरूको रेखदेख गर्दछ आम्दानी खर्चको जांच गराउँछ, कुनै सदस्यले अनुशासन भङ्ग गरेमा त्यसको कारवाही चलाउँदछ, सङ्गठनको संविधानमा केही संशोधन गर्नु पर्ने ठहरिएमा श्री ५ को सरकारलाई सोही अनुसारको सुझाव दिन्छ । सभाको बैठक सालमा कमसेकम एक पटक बस्नु पर्दछ ।

**केन्द्रीय कार्यकारिणी समिति**—– यस समितिका ठूला उत्तरदायित्व र अधिकारहरू छन् । यसले सङ्गठनको उद्देश्य पूर्तिको लागि केन्द्रीय सभाको नीति र कार्यक्रम अनुसार काम गर्दछ ।

आफ्नो दैनिक कार्यक्रमहरूको व्यवस्था मिलाउँछ, आफ्ना मातहतका सङ्गठनहरूलाई निर्देशन दिन्छ, अनुशासन भङ्गको कारवाही गर्दछ । केन्द्रीय सङ्गठनको लागि बजेट तयार गरेर केन्द्रीय सभामा पेश गर्दछ र हिसाब किताब राख्तछ । सङ्गठनका अध्यक्षको कारवाहीलाई स्वीकृति दिने आदि काम गर्दछ । यस समितिको बैठक वर्षमा कमसेकम ३ पटक हुनु पर्दछ ।

**चुनाव र कार्यविधि**— कुनै पनि तहका सङ्गठनका सभा र समितिका सदस्यहरूको चुनाउ गुप्त मतदानद्वारा हुन्छ । कुनै पनि सभा वा समितिको बैठक बोलाउँदा त्यसको जम्मा सदस्य सङ्ख्याको एक चौथाइ अर्थात् ४ खण्ड उपस्थित भएमा सभा चालू गर्न हुन्छ । सभामा उपस्थित भएका सदस्यहरूको बहुमतले पास गरेको प्रस्ताव या निर्णयलाई उपस्थित नभएका सदस्यहरूले पनि मान्यता दिएको संझिइन्छ । कुनै सदस्यमाथि अविश्वासको प्रस्ताव गर्नु पर्दा दुई तिहाई अर्थात् ३ खण्डको २ खण्ड सदस्यहरूको बहुमत चाहिन्छ । यस्तो प्रस्ताव सचिवद्वारा राखिएको हुनु पर्दछ ।

**झण्डा र छाप**:— हरेक सङ्गठनको आफ्नो झण्डा र छाप हुन्छ । सङ्गठनको हरेक कारवाहीमा यसको छाप लागेको हुन्छ ।

**वर्गीय तथा व्यावसायिक सङ्गठनको उद्देश्य**— वर्गीय तथा व्यावसायिक सङ्गठनका मुख्य उद्देश्यहरू यिनै हुन् (१) आफ्नो वर्गको हित गर्नु (२) समाजमा रहेका अरू वर्ग र व्यवसायका मानिसहरूको कुनै भेदभाव नराखी तिनीहरूको हित गर्नु (३) राष्ट्रको हित गर्नु (४) सबै वर्ग र व्यवसायका मानिसहरूमा मेल–मिलाप गराउनु (५) सबै वर्ग र व्यवसायका मानिसहरूलाई पञ्चायती प्रजातान्त्रिक राजनीतिमा भाग लिन लगाई आफ्नो देश अनुसारको राजनैतिक, सामाजिक तथा आर्थिक नीतिलाई ठीक तरीकाले ईमानदारी पूर्वक देशको कुना कुनासम्म पुर्याई जन–जीवनमा भिजाउनु ।

यस प्रकार उपर्युक्त वर्गीय तथा व्यावसायिक सङ्गठनहरूमा आपस आपसमा स्पर्धा, ईर्ष्या, झगडा र लडन्त हुँदैन । यिनीहरूको बीचमा मेलमिलाप र एकले अर्कोलाई सहयोग र सघाउने भावना हुन्छ । कुनै एक वर्गको हित भएमा त्यस वर्गको साथसाथै अर्को वर्गको पनि हित हुन जाने हुनाले सबै वर्गले आफ्नो–आफ्नो हित चिताउँदा पनि संयुक्त हित हुन गई राष्ट्रको नै हित हुन जान्छ । फेरि यिनीहरू सबै मिलेर पञ्चायती व्यवस्थालाई फलाउने फुलाउने काम गरेकोले पञ्चायती व्यवस्थाको प्रगतिको साथै देशको पनि राम्रो विकास हुनु अवश्यम्भावी छ ।

**प्रश्न**

१. व्यावसायिक र वर्गीय सङ्गठनमा के फरक छ ?
२. वर्गीय तथा व्यावसायिक सङ्गठन भनेको के हो र कुन कुन वर्गीय सङ्गठनबाट राष्ट्रिय पञ्चायतमा कति कति सदस्य पठाइन्छन् ?
३. वर्गीय तथा व्यावसायिक सङ्गठनको गठन कसरी हुन्छ ?
४. प्रत्येक वर्गीय तथा व्यावसायिक सङ्गठनका मुख्य मुख्य कार्यहरू १।१ वाक्यमा बताऊ ।
५. वर्गीय तथा व्यावसायिक सङ्गठनका केन्द्रीय सभाको काम के हो ?
६. वर्गीय तथा व्यावसायिक सङ्गठनका मुख्य उद्देश्यहरू के के हुन् ?
७. वर्गीय तथा व्यावसायिक सङ्गठनले गर्दा कसरी राष्ट्रको हित हुन जान्छ ?

# "गाउँ फर्क" राष्ट्रिय अभियान

हाम्रो देश गाउँ नै गाउँले भरिएको छ । करीब ९७ प्रतिशत जनता गाउँमा रहन्छन् । तसर्थ गाउँ नसप्री देश सप्रदैन । गाउँ नै हाम्रो देशको कर्मभूमि हो । पञ्चायती प्रजातन्त्रले गाउँको उन्नतिको जिम्मा गाउँले दाजुभाइ दिदी बहिनीहरूको हातमा सुम्पेको छ । त्यसैले जबसम्म यी ग्रामीण जनताहरू शिक्षित भई उनीहरूमा चेतना आउँदैन तवसम्म पञ्चायती प्रजातन्त्र फल्न फूल्न सक्दैन । शिक्षित तथा योग्य व्यक्तिहरू गाउँ छाडेर सबैजसो शहरतिर बस्न मन पराउन लागे । यसले गर्दा ग्रामीण समाज झन् झन् पिछडिन गयो । गाउँमा शोषण, जाल, झेल, भ्रष्टाचार, अशिक्षा, अन्धविश्वास, नातावाद, कृपावाद आदिले झन् झन् बलियो जग हाल्न लाग्यो ।

यसरी ग्रामीण जनताहरूको यस्तो अवस्था भएसम्म देशको अवस्था केही गरे पनि नसुध्रिने हुनाले सर्वप्रथम ग्रामीण जनतामा चेतना ल्याई उनीहरूमा नागरिक अधिकार र कर्तव्यको भावना जगाउन, पञ्चायती प्रजातन्त्रको महत्वबारे बोध गराउन, राजमुकुट, राष्ट्रियता, निर्दलीयता, वर्ग-समन्वय, असंलग्नता, सहकारिता आदिको महत्वको विषयमा बोध गराई पञ्चायती व्यवस्थालाई अझ दरिलो तुल्याई देशको सर्वतोमुखी विकास गराउन श्री ५ महाराजाधिराजबाट "गाउँ फर्क राष्ट्रिय अभियान" २०२४ सालमा जनतालाई बक्सियो ।

यस प्रकार "गाउँ फर्क" राष्ट्रिय अभियान भनेको श्री ५ महाराजाधिराज सरकारबाट नगरमा बस्ने सबै राजनीतिक कार्यकर्ता, सरकारी कर्मचारी, शिक्षक, विद्यार्थी, पञ्च, वर्गीय सङ्गठनका कार्यकर्ता आदि सबै शिक्षित नागरिकहरूलाई गाउँहरूमा गई ग्रामीण जनता र गाउँको सर्वतो-मुखी विकासको लागि बक्सेको अभियान हो । श्री ५ महाराजाधिराज सरकाबाट हुकुम भएको निम्न लिखित कुराहरूबाट "गाउँ फर्क" राष्ट्रिय अभियानको मुख्य उद्देश्य स्पष्ट झल्किन्छ ।

(१) देशका अधिकांश जनता गाउँमा बस्ने भएकाले व्यवस्थाको मूलभूत लक्ष्य प्राप्तिका लागि हामीले गाउँतिर नै फर्कनु परेको छ ।

(२) शिक्षित, सक्षम तथा नेतृत्व दिन सक्ने व्यक्तिहरूले गाउँ छाड्ने प्रवृत्तिले गर्दा समस्या अझ बिकट हुनेछ । यस प्रवृत्तिलाई त्यागेर सबैले व्यवस्थाको लक्ष्य छिटो हासिल गर्न आफ्नो सारा ध्यान र प्रयत्न गाउँतिर नै केन्द्रित गर्नु परेको छ ।

(३) देशका असङ्ख्य ग्रामीण जनतालाई घच्घच्याएर बिउँझाउनु र उनीहरूलाई सक्रिय गराई राष्ट्रव्यापी राष्ट्रिय नवजागरण ल्याउनु नै यस अभियानको मुख्य उद्देश्य हो ।

"गाउँ फर्क" राष्ट्रिय अभियानका आधारहरू जम्मा दशवटा छन्, ती यिनै हुन् –

(१) राष्ट्रियता र राष्ट्रिय एकताको भावना सुदृढ र व्यापक बनाउने ।

(२) दलविहीन पञ्चायती प्रजातन्त्रको विकल्प रहित आवश्यकताको बोध गराउने र निर्दलीय भावनालाई विकसित र सुदृढ पार्ने ।

(३) असंलग्न परराष्ट्र नीतिको अनुकूल आचरण गर्ने ।

(४) भ्रष्टाचार, अन्याय, अत्याचार, अनावश्यक ढीला सुस्ती समाप्त गर्ने अभियान चलाउने ।

(५) ग्रामीण समाजमा चेतना र सक्रीयता ल्याउने ।

(६) चालू भूमि सुधार, मुलुकी ऐन, समाजसुधार र देशव्यापी निर्माण कार्यको सफल कार्यान्वयनमा बल पुर्‍याउने ।

(७) साझा (सहकारी) भावना र कार्यक्रमको प्रचार र विस्तार गर्ने ।

(८) जनजीवनमा वृक्षारोपण, वन र वनजन्तुको रक्षा सम्बन्धी महत्त्व बोध गराउने।

(९) कृषि उत्पादनको वृद्धिमा जोड दिने ।

(१०) ठाउँ सुहाउँदो घरेलु उद्योगलाई प्रोत्साहन र विस्तार गर्ने भावना देशव्यापी रूपमा जागृत गराउने ।

उपर्युक्त आधारहरूबाट "गाउँ फर्क" राष्ट्रिय अभियानका लक्ष्यहरू के रहेछन् भन्ने स्पष्ट हुन्छ । यो अभियान २।४ वर्ष मात्र जारी रहने अभियान होइन, यो त निरन्तर अटूट रूपले चलिरहने अभियान भएकोले यसले ग्रामीण समाजको उत्थानमा ठूलो मद्दत दिएको छ ।

यस अभियानका मुख्य दुई पक्षहरू छन् । सैद्धान्तिक र व्यावहारिक । राजमुकुट, राष्ट्रियता, निर्दलीयता, वर्गसमन्वय तथा असंलग्नता आदि पञ्चायती व्यवस्थाका मौलिक सिद्धान्तहरूको महत्त्व गाउँका जनताहरूमा बुझाउनु "गाउँ फर्क" राष्ट्रिय अभियानको सैद्धान्तिक पक्ष हो । त्यस्तै ग्रामीण जनतामा आदिकालदेखि रहिरहेको भोक, गरीबी, अन्याय, अत्याचार, शोषण तथा भ्रष्टाचार आदिलाई निर्मूल पारी देशोन्नतिको लागि ग्रामीण जनतालाई अग्रसर तुल्याउनु यसको व्यावहारिक पक्ष हो ।

यो अभियानले गर्दा ३।४ वर्ष भित्रमा नै हाम्रो देशको ग्रामीण समाजको लागि राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रहरूमा ठूलो योगदान दिएको छ । यस अभियानले ग्रामीण समाजमा राजमुकुट राष्ट्रियता, निर्दलीयता, वर्गसमन्वय, विकेन्द्रीकरण आदि पञ्चायती प्रजातन्त्रका सिद्धान्त-हरूबारे बोध गराई गाउँका सीधा साधा जनतालाई घच्घच्याएर देशको राजनीतिमा सक्रीय भाग लिन लगाएको छ ।

त्यस्तै भ्रष्टाचार, अन्याय तथा अत्याचार आदि आर्थिक शोषणलाई निर्मूल पारी, गाउँ गाउँमा विकास कार्य खोलाई, कृषि उत्पादन, घरेलु उद्योग तथा साझा व्यवस्था आदि कार्यहरूद्वारा ग्रामीण समाजको आर्थिक स्तर उच्चा गराउनमा पनि यस अभियानले ठूलो सहायता पुर्‍याएको छ ।

यस बाहेक यस व्यवस्थाले गाउँ गाउँमा कैयन् वर्ष देखिन् जरा गाडिरहेको अन्धविश्वास, रुढीवादी, जातिपातिको भेद भाव आदि सामाजिक शोषण तथा कुरीतिहरूलाई जगैदेखि उखेलेर ग्रामीण जनताहरूको ठूलो फाइदा गरेको छ ।

यस प्रकार "गाउँ फर्क" राष्ट्रिय अभियान गाउँ नै गाउँ भएको हाम्रो देशलाई एक वरदानको रूपमा सिद्ध हुन आएको छ ।

"गाउँ फर्क" राष्ट्रिय अभियान सफल पार्नलाई श्री ५ बाट प्रधानमन्त्री, अरुमन्त्री, राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरू, जिल्ला पञ्चायतका सभापति, उप–सभापति तथा

सदस्य र गाउँ पञ्चायतका पञ्चहरू लगायत वर्गीय सङ्गठनका कार्यकर्ताहरू तथा शिक्षक र विद्यार्थीहरू समेतले गर्नुपर्ने कार्यहरूको विवरण प्रकाश गरिबक्सेको छ।

ती मध्ये विद्यार्थीहरूले गर्नुपर्ने कार्यक्रम यस प्रकार छ —

(१) विद्यार्थीहरूले नेपालको राजमुकुट वा श्री ५ को तस्वीर भएको ब्याज लगाउने।
(२) आफ्नो नजीक पर्ने गाउँ, नगर वा जिल्ला भित्रका कुनै गाउँ सभा वा नगर पञ्चायतको बैठकको अवलोकन गर्ने र गाउँ विकास हुने काममा श्रमदान दिई सहयोग गर्ने।
(३) पञ्चायत, नैतिक शिक्षा र गाउँ फर्क राष्ट्रिय अभियान बारे विचार, गोष्ठी, साहित्य सम्मेलन आदि गर्ने।
(४) देश, राजा, राजमुकुट, तथा अन्य राष्ट्रिय प्रतीकको महत्त्वको भावना जागृत हुने काम गर्ने।
(५) प्रौढ साक्षरता आन्दोलन चलाउने।
(६) गाउँको स्कूलको काममा सघाउ दिने।
(७) वृक्षारोपण गराउने र डढेलो निभाउने काम गर्ने।
(८) स्वास्थ्य तथा सफाईको कार्यक्रम बनाई त्यसको पालना गर्ने।
(९) साझा तथा सहकारी संस्थाहरूको काममा सघाउ दिने।
(१०) कृषि उत्पादन बढाउने कार्यक्रममा सहयोग दिने इत्यादि।

## प्रश्न

१. "गाउँ फर्क" राष्ट्रिय अभियान भनेको के हो ?

२. श्री ५ महाराजाधिराजबाट जनतालाई राष्ट्रिय अभियान किन बक्स्यो ?

३. "गाउँ फर्क" राष्ट्रिय अभियानका मुख्य उद्देश्यहरू मध्ये श्री ५ महाराजाधिराजको शब्दमा निस्केको कुनै एक उद्देश्य लेख।

४. "गाउँ फर्क" राष्ट्रिय अभियानका दश आधारहरूमध्ये तिमीलाई कुन कुन आधारहरू बढ्ता मन पर्दछ लेख।

५. "गाउँ फर्क" राष्ट्रिय अभियानका दुई पक्ष के के हुन् ?

६. "गाउँ फर्क" राष्ट्रिय अभियानले राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रहरूमा के के योगदान दिएको छ ? प्रत्येकको दुई दुई वाक्यमा लेख।

७. "गाउँ फर्क" राष्ट्रिय अभियान अन्तर्गत विद्यार्थीले गर्नुपर्ने कार्यहरू के के हुन् ?

# मिश्रित प्रश्न

१. तलका कुराहरूमा के फरक छ बताऊ —

(क) श्री ५ र श्री ५ को सरकार। (ख) मन्त्री र मन्त्री–परिषद ।
(ग) गाउँ सभा र गाउँ पञ्चायत। (घ) अञ्चल सभा र अञ्चल समिति।
(ङ) व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका । (च) विधेयक र कानून ।
(छ) प्रधान अधिकृत र प्रधान पञ्च ।

२. कति जना सदस्य राष्ट्रिय पञ्चायतमा पठाइन्छन् ?

(क) नेपाल महिला सङ्गठनबाट (ख) स्नातकहरूबाट ।
(ग) श्री ५ बाट मनोनीत। (घ) नारायणी अञ्चल सभाबाट ।
(ङ) गण्डकी अञ्चल सभाबाट ।

३. मुख्य मुख्य काम के के हुन् ?

(क) गाउँ सभाको। (ख) जिल्ला सभाको
(ग) अञ्चल समितिको (घ) प्रमुख जिल्ला अधिकारीको
(ङ) अञ्चलाधीशको (च) निर्देशक समितिको

४. कार्यकाल कति वर्षको हुन्छ ?

(क) प्रधान पञ्चको (ख) जिल्ला सभापतिको
(ग) अञ्चल सभापतिको (घ) अञ्चल सभाबाट निर्वाचित राष्ट्रिय पञ्चायतका सदस्यहरूको
(ङ) श्री ५ बाट मनोनीत राष्ट्रिय पञ्चायतका सदस्यहरूको (च) वर्गीय सङ्गठन र स्नातकहरूबाट छानिएका सदस्यहरूको
(छ) राष्ट्रिय पञ्चायतका अध्यक्षको (ज) अञ्चल समितिका मनोनीत सदस्यहरूको

५. तलका 'क' को कुरालाई 'ख' को मिल्ने कुरासँग मिलाएर वाक्य बनाऊ :—

| क. | ख. |
|---|---|
| १. गाउँ पञ्चायत | १. ४ जना सदस्य |
| २. नगर पञ्चायत | २. १२५ सदस्य |
| ३. जिल्ला पञ्चायत | ३. १५ जना सदस्य |
| ४. अञ्चल सभा | ४. ९० जना सदस्य |
| ५. श्री ५ बाट मनोनीत | ५. प्रधान अधिकृत |
| ६. राष्ट्रिय पञ्चायत | ६. अञ्चल भित्रको राजप्रतिनिधि |

७. अञ्चलाधीश — ७. श्री ५ को सरकारको मुख्य प्रतिनिधि
८. प्रमुख जिल्ला अधिकारी — ८. प्रधानपञ्च
९. वर्गीय सङ्गठन — ९. ११ जना सदस्य
१०. स्नातक प्रतिनिधि — १०. १६ जना सदस्य

६. खाली ठाउँ भर :—

(क) कुनै विधेयक ऐन बन्नलाई ····· को स्वीकृत चाहिन्छ ।
(ख) ········जनताको बस्ती भएको गाउँको सभालाई······भन्दछन् ।
(ग) हाल नेपालमा लगभग·········गाउँ पञ्चायतहरू छन् ।
(घ) गण्डकी अञ्चलबाट रा. प. मा निर्वाचित सदस्य सङ्ख्या जम्मा········र नारायणी अञ्चलबाट जम्मा··············हुन्छन् ।
(ङ) राष्ट्रिय पञ्चायतको सदस्य हुनलाई ·········· वर्ष पुगेको नेपालको नागरिक हुनु पर्दछ ।

७. कोष्ठ भित्रका मिल्ने कुरा हाली खाली ठाउँ भर :—

(क) गाउँ पञ्चायत भनेको ······ सदस्यको समूह हो । ( ५ जना, ९ जना, ११ जना )
(ख) गाउँ पञ्चायतको सदस्य हुनलाई ········ वर्ष उमेर पुगेको हुनु पर्दछ । ( १६, १८, २१, २५ )
(ग) पञ्चायती प्रजातन्त्र स्थापना भएको ······ मा हो ( २०१७ साल पौष १ गते, २००७ साल फाल्गुण ४ गते, २०१७ साल पौष २२ गते )
(घ) श्री ५ महेन्द्रबाट "गाउँ फर्क" राष्ट्रिय अभियान बक्सेको ····· सालमा हो । (२०१७, २०२४, २०२५)

८. स्पष्ट बुझिने गरी छोटकरीमा उत्तर देऊ :—

(क) गाउँ पञ्चायत र नगर पञ्चायतको गठनमा के के फरक पाइन्छ ?
(ख) गाउँ पञ्चायतका मुख्य मुख्य कामहरू के के हुन् ?
(ग) जिल्ला पञ्चायतका मुख्य मुख्य कामहरू के के हुन् ?
(घ) राष्ट्रिय पञ्चायतका मुख्य मुख्य कार्यहरू के के हुन् ?
(ङ) पञ्चायतका कति तह छन् ? कुनै एक तहको वर्णन गर ।
(च) "गाउँ फर्क" राष्ट्रिय अभियानका राजनैतिक, आर्थिक र सामाजिक देनहरू के के छन् ?
(छ) नेपालको संविधानले कुन कुन व्यावसायिक तथा वर्गीय सङ्गठनहरूलाई मान्यता दिएको छ र यी सङ्गठनहरूले देशको हितको निमित्त के के गर्दछन् ?

९. नेपाल राष्ट्रको विकासको लागि शाहवंशका राजाहरूको ठूलो देन छ भन्ने कुरा प्रमाणित गर्न कुनै तीन जना राजाहरूको दुई पृष्टमा नबढाई चर्चा गर ।